जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ३४, २०७९ साल फागुन १९ गते शुक्रबार, नेपाल संवत् ११४३ (March. 3, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

### इलन बने विश्वकै धनी व्यक्ति



काठमाडौं । विश्वकै धनी व्यक्तिको सूचीमा इलन मस्क पुनः पहिलो स्थानमा आएका छन् । मस्कको स्वामित्वमा रहेको टेस्ला कम्पनीको सेयर मूल्य बढेसँगै उनी ब्लुमबर्गको खर्बपति सूचीमा माथि उक्लिएका हुन् । यसअघि गत डिसेम्बरयताका दुई महिना फ्रान्सेली फेसन ब्रान्ड लुई भुतनका प्रमुख कार्यकारी अधिकृत बर्नाड आर्नल्ट विश्वका सबैभन्दा धनी व्यक्तिका रूपमा रहेका थिए ।

ब्लुमबर्गका अनुसार सोमबारसम्म मस्कको कुल सम्पत्ति १८७.१ अर्ब डलर थियो भने **बाँकी ८ पेजमा**

### पेट्रोलियम पदार्थमा नयाँ मूल्यसूची

काठमाडौं । भारतीय आयल कर्पोरेशन (आइओसी) ले ग्यासबाहेक सबै इन्धनको मूल्य घटाएर पठाएको छ । आइओसीले पठाएको नयाँ मूल्य सूचीअनुसार पेट्रोल प्रतिलिटर एक रूपैयाँ २१ पैसा र डिजेल प्रतिलिटर पाँच रूपैयाँले घटेको हो ।

त्यस्तै नयाँ मूल्य सूचीअनुसार मट्टितेल प्रतिलिटर तीन रूपैयाँ ४० पैसा र हवाई इन्धन पाँच रूपैयाँले घटेर आएको छ । एलपिजी ग्यास भने प्रतिसिलिन्डर तीन सय ४९ रूपैयाँले वृद्धि भएको छ । भारतबाट इन्धनको मूल्य **बाँकी ८ पेजमा**

# वीरहरूका रगतले लतपतिएको सुगौली सन्धि


**४ मार्चलाई सम्झिँदा**

तत्कालीन ब्रिटिश इस्ट इन्डिया कम्पनीले करकाप र त्रासमा पारेर देशको नक्सा नै बदल्ने गरी नेपाललाई सुगौली सन्धिमा हस्ताक्षर गराएको मार्च ४ मा २०७ वर्ष पूरा हुँदैछ । त्यही सन्धिले ग्रेटर नेपालको टिस्टा–काँगडासहितको मानचित्र मेची–महाकालीमा सीमित गरेको थियो ।

तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको अदूरदर्शिता र कमजोर कूटनीतिले आधुनिक हतियार बन्दुक तोप गोलावारुदले सुसज्जित अंग्रेजका लाखौं संख्याका सेनासँग खुँडा, तरबार, खुकुरी, घुँयत्रो, गुलेली र केही थान भरुवा बन्दुक बोकेका संख्यात्मक रूपले थोरै नेपाली सेनाले युद्ध जित्ने असम्भवप्रायः थियो । कूटनीतिक वार्ताद्वारा अंग्रेज आक्रमकलाई रोक्ने प्रयास भीमसेन थापाले गरेनन् । सयौं देशभक्त भारदारहरूको हत्या गरेर सत्तामा उदाएका भीमसेन थापाले अंग्रेजहरूलाई भारतबाट लखेट्न दिल्लीका मुगल बादशाह, पञ्जावका रणजित सिंह र महाराष्ट्रका सिन्धियाहरूलाई जब पत्र पठाए, त्यसको भेद खुलेपछि अंग्रेजहरू आक्रामक बनेका थिए । रणजंग पाण्डेले त एसियाबाटै अंग्रेजहरूलाई लघार्ने गरी कूटनीतिक सक्रियता बढाएको विषयले अंग्रेजहरूलाई नेपाल चढाइ गर्न प्रेरित गरेकै थियो । भीमसेन थापाले अंग्रेजको सैन्य शक्तिलाई नजरअन्दाज गर्न नसक्नु नै नेपालले पराजयको सामना गर्नुपरेको थियो । कूटनीतिक सक्रियता बढाएर युद्धलाई रोक्नेतर्फ भीमसेनले कत्ति पनि ध्यान दिएनन् । भीमसेनको धृष्टताले सयौं देशभक्त युद्धवीरहरू अंग्रेजसँगको युद्धमा मारिए भने नेपालले २५१३९४ वर्गकिलोमिटर क्षेत्रफल गुमाउनुपर्‍यो ।

सुगौली सन्धिअघि नेपाली भूमि पूर्वमा टिस्टा र पश्चिममा काँगडा, दक्षिणमा गंगा नदीसम्म फैलिएको थियो । सन् १८१४ सम्म नेपालको भूमि ३६,७५,७५ वर्गकिलोमिटर रहेको थियो । सन् १८१४ देखि १८१६ सम्म इस्ट इन्डिया कम्पनीले पाँच युद्ध मोर्चा बनाई युद्ध




छेडेको थियो । नेपालले पश्चिम क्षेत्रका दुईवटा मोर्चामा युद्ध छायो । पूर्वतर्फ त खास युद्ध नै भएन । तीनवटा मोर्चामा अंग्रेजहरूलाई नेपालले हराइसकेको थियो । यस्तो अवस्थामा ब्रिटिश इस्ट इन्डिया कम्पनीले नेपालको राजदरबार, भारदारहरूमा चलखेल गरी काठमाडौं उपत्यका नै कब्जा गर्न लागेको हल्ला पिटायो । तथ्यको कसिमा भीमसेन थापा खरो उत्रन सकेनन् । अंग्रेजहरूको डर त्रास, करकाप र दबाबमा उनले नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखर पाध्यालाई सन्धिमा हस्ताक्षर गर्न सुगौली पठाए । राजाको हस्ताक्षर बिनाको सन्धि आफैंमा वैध थिएन । राष्ट्रघाती सुगौली सन्धिमा हस्ताक्षर गरेको भन्दै राजदरबारले मिश्र र पाध्यलाई देश निकाला गर्ने आदेश दियो । यी दुई हस्ताक्षरकर्तालाई अंग्रेजहरूले बनारसमा जग्गा र पैसा दिई सम्मानका साथ शरण दिनुले नै प्रस्ट पार्छ सुगौली सन्धि भयंकर षड्यन्त्रको जाली कागज थियो ।

सुगौली सन्धि अघिसम्म काँगडादेखि टिस्टासम्मको नेपाली भूमि ३ लाख ६७ हजार ५७५ वर्गकिलोमिटर रहेको इतिहासकारहरूले बताएका छन् । यो गंगा नदीको उत्तरी मैदानको केही भूभाग बाहेकको क्षेत्रफल हो । दक्षिण गंगा नदीसम्मको क्षेत्रफल करिब २५ हजार वर्गकिलोमिटर रहेको हुँदा नेपालको कुल क्षेत्रफल ३ लाख ९२ हजार ५ सय ७५ वर्गकिलोमिटर रहेको इतिहासले बताउँछ । पूर्वको लडाइँमा नेपालले जिते पनि टिस्टासम्मको भूभाग अंग्रेजलाई दिने गरी सन्धि गरेर मिश्र र पाध्यले अक्षम्य राष्ट्रघात गरेका थिए । राजा पृथ्वीनारायण शाहले सुरु गरेको नेपाल विस्तारको युद्ध उनीपछि उनका कान्छा छोरा बहादुर शाह र बुहारी राजेन्द्र लक्ष्मीले अघि बढाएका थिए । दरबारभित्रको षड्यन्त्रले बहादुर शाहको हत्या भएपछि राज्य विस्तारको लडाइँ रोकिएको थियो ।

इतिहासमा नेपालको सिमाना पूर्वमा भूटानको दामसाङ गढीसम्म र पश्चिममा रावी नदीसम्म उत्तरमा कैलाश मानसरोवरसम्म र दक्षिणमा गंगा नदीसम्म भएको उल्लेख छ र यो ऐतिहासिक सत्यतथ्य पनि हो । तर अहिले यो सरहदभित्रको सम्पूर्ण भूभागमाथि नेपालको नियन्त्रण छैन । सन् १८१४–१५ मा भएको इस्ट इन्डिया कम्पनी र नेपालबीचको लडाइँमा बगेको रगतले सुगौली सन्धि लतपतिएको छ । ग्रेटर नेपाललाई बुझ्ने आधार सुगौली सन्धि नै हो । अल्मोडाको युद्धमा बम शाहले अंग्रेजसामु आत्मसमर्पण गरेपछि अंग्रेज पक्षमा डेभिड अक्टरलोनी र अमरसिंह **बाँकी ८ पेजमा**

## प्रदेश १ को नामकरण “कोशी”

काठमाडौं । देश संघीयतामा गएपछिको पहिलो कार्यकालमै ६ वटा प्रदेशले नामकरण टुंग्याए पनि प्रदेश १ विवादमै अल्झिएको थियो तर दोस्रो कार्यकालको सुरुवातमै प्रदेश सभाका ९३ मध्ये ८२ सांसदको समर्थनमा ‘कोसी’ नामकरण गरिएको हो । बुधबार प्रदेश सभाको दुईतिहाइले ‘कोसी’ नाम पारित गरेको हो ।

सभामुखसहित ९३ सदस्यीय प्रदेश सभामा सबैभन्दा ठूलो दल एमालेले दर्ता



गराएको कोसी नामको पक्षमा कांग्रेस, माओवादी र राप्रपाले **बाँकी ८ पेजमा**

## टस जितेर फिल्डिङ रोज्दै नेपाल



काठमाडौं । आइसिसी विश्वकप लिग- २ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिजको महत्वपूर्ण खेलमा नेपालले युएईको सामना गर्दै छ ।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा युएईविरुद्ध नेपालले टस जितेर फिल्डिङ रोजेको छ । नेपालले लगातार पछिल्लो छैटौं म्याचमा टस जितेको र फिल्डिङ रोजेको हो । यसअघिका पाँचवटै म्याचमा नेपालले लक्ष्य पछ्याएर जित हासिल गरेको छ । आजको खेल पनि जितेर नेपाल जितको डबल ह्याट्रिक बनाउने लक्ष्यमा छ । **बाँकी ८ पेजमा**

## निषेधित क्षेत्रमा भारतको ‘मुस्ताङ बौद्ध कलेज’



काठमाडौं । नेपाल सरकारले विदेशीलाई हिँडडुलसमेत निषेध गरेको क्षेत्रमा भारत सरकारको लगानीमा ‘मुस्ताङ बौद्ध कलेज’ खोल्न भारत अग्रसर भएको छ। तिब्बती खम्पाहरूले चार दशकअघि चीन सरकारविरुद्ध विद्रोह गरेका कारण मुस्ताङको फल्याक क्षेत्र संवेदनशील मानिन्छ। अहिले त्यही क्षेत्र छानेर आयोजना बनाउन भारतीय दूतावासले नेपाल सरकारसँग अनुमति मागेको छ।

खम्पा विद्रोह नियन्त्रणका लागि सरकारले २०२८ सालमा मुस्ताङका तीन दर्जनभन्दा बढी स्थान विदेशीका लागि निषेधित गरेको थियो। बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाको वडा नं. ३ र ५, लोमन्थाङ गाउँपालिकाको वडा **बाँकी ८ पेजमा**

## आर्थिक क्षेत्रसम्बन्धी मुद्दामा प्रगति शून्य

काठमाडौं । चालु आर्थिक वर्षको बजेटमा समेटिएका आर्थिक विकास, लगानी तथा निजी क्षेत्रसँग सम्बन्धित ५७.१ प्रतिशत बुँदाको प्रगति शून्य छ। आर्थिक विकासका लागि महत्त्वपूर्ण मानिने निजी क्षेत्र तथा लगानीसँग जोडिएको उद्योग, भूमि, पूर्वाधार, प्रत्यक्ष विदेशी लगानी (एफडीआई), सार्वजनिक निजी साझेदारीलगायत क्षेत्रसँग सम्बन्धित ६३ बुँदा बजेटमा समावेश थिए। चालु आर्थिक वर्षको पहिलो ७ महिना बितिसक्दासमेत ती कार्यक्रमका ३६ वटा बुँदाको प्रगति शून्य देखिएको नेपाल उद्योग परिसंघ (सीएनआई) को अध्ययनले देखाएको छ।

उद्योगका लागि ५० वर्षसम्म जग्गा भाडामा दिने व्यवस्था मिलाउने, चितवनको शक्तिखोरलगायत सम्भावित क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गर्ने र उद्योग स्थापनाका लागि आवश्यक जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने बजेटका नीति तथा कार्यक्रममा प्रगति शून्य रहेको अध्ययनले औंल्याएको छ।

सीएनआईले **बाँकी ८ पेजमा**

## फागु पर्वसँगै जोडिएको सुखानी काण्ड

काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनलाई नै नयाँ दिशा दिने ऐतिहासिक झापा विद्रोहका अगुवाहरू अहिले ओझेलमा छन् । झापा विद्रोहकै निगेसी बोकेका केपी शर्मा ओली देशकै कार्यकारी प्रमुखको हैसियतमा समेत पुगे । फासिस्ट निरंकुश पञ्चायती एकदलीय शासनविरुद्ध हतियार उठाउने झापा विद्रोहका योद्धाहरूको कहीँ कतै चर्चा छैन । बाँचुन्जेल के छ ? कस्तो छ ? भनेर नसोध्ने मतलबी नेपाली समाजले मरेपछि भने के भएर, कसरी हुँ ? भनेर ठाडा कान लगाउने गर्छ । तर देश र जनताका निम्ति जीवन कुर्बान गर्ने झापाली युवा वागीहरूलाई उनीहरूकै दलले सत्तारुढ हुँदा पनि सम्झना समेत नगरिनु विडम्बनापूर्ण छ ।

प्रसंग हो, फागुन २१ को । वि.सं. २०२९ साल फागुन २१ गते झापा विद्रोहका अगुवा बुद्धिजीवीहरूलाई पञ्चायती कायर राजले निर्ममतापूर्वक




हत्या गरेको थियो । बुद्धिजीवीहरू नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र रामनाथ दाहाललाई जेल सार्ने बहानामा सुखानीको जंगलमा लगेर खुनी पञ्चायती शासकहरूले कायरतापूर्वक हत्या गरेका थिए । रामनाथ दाहाल त तिनै व्यक्ति थिए जसले पूर्वप्रधानमन्त्री ओलीको हेरचाह र पठनपाठनको जिम्मेवारी निभाएका थिए । धनी किसान वर्गका दाहालको संरक्षत्व यदि नपाएका भए केपी ओली वामपन्थी राजनीतिमा हुन्थे हुन्थेनन् त्यो अहिले पनि बहसको विषय हुन सक्छ ।

नेपाली कम्युनिस्ट आन्दोलनको संशोधनवादी धारलाई चुनौती दिँदै सुखानीका सहिदहरूले क्रान्तिको बाटो देखाएका थिए । त्यसबेलाको झापा विद्रोह मूलतः नक्सलवाडी आन्दोलनबाट निश्चय नै प्रभावित थियो । पश्चिम बंगालको नक्सलवादी क्षेत्रलाई आधारभूमि बनाएर भारतीय क्रान्तिकारी कम्युनिस्टहरूले विद्रोहको शंखघोष गरेका थिए । जसलाई नक्सलवादी आन्दोलन भनेर चिनिन्छ । अहिले पनि भारतको झारखण्ड, विहार, छत्तीसगढ आदि क्षेत्रमा विद्रोह गरिरहेका कम्युनिस्टहरूलाई भारतीय सञ्चारमाध्यमहरूले नक्सली, नक्सलाइट भनेर समाचार सम्प्रेषण गर्ने गरेको पाइन्छ । झापा विद्रोहका युवाहरूलाई पनि पञ्चायती शासकहरूले नक्सलपन्थी भन्ने गर्थे । नक्सलवादी विद्रोहको हुबहु कपि थियो झापा विद्रोह । नक्सलवादी विद्रोहको नेतृत्व चारु मजुमदारले गरेका थिए । यता झापा विद्रोहको नेतृत्व मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, सीपी मैनाली, **बाँकी ८ पेजमा**

## एमसीसीको लागत बढ्ने, जग्गा अधिग्रहण हुँदै

काठमाडौं । मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कार्यान्वयन गर्न लागत बढ्ने भएपछि ५ अर्ब अपुग हुने देखिएको छ । २०७४ सालमा सम्झौता भएको यो परियोजना २०८० साल भदौबाट कार्यान्वयनको चरणमा जाँदैछ । ६ वर्षपछि आयोजना कार्यान्वनको चरणमा जाँदा मूल्यवृद्धिलगायतका कारणले रकम **बाँकी ८ पेजमा**

## दामोदर सर्वसम्मत निर्वाचित

काठमाडौं । होटल तथा पर्यटन व्यवसायी संघ नेपाल, बागमती प्रदेशको अध्यक्षमा दामोदर नेपाल सर्वसम्मत निर्वाचित भएका छन् । बुधबार बागमती प्रदेशको चित्लाङमा सम्पन्न संघको दोस्रो अधिवेशनले नेपाललाई सर्वसम्मत अध्यक्षमा निर्वाचित गरेको हो । नवनिर्वाचित अध्यक्ष नेपाल यसअघि संघको महासचिव थिए ।

यस्तै संघको वरिष्ठ उपाध्यक्षमा श्यामकुमार (भालु) **बाँकी ८ पेजमा**

## होली पर्वको सामाजिक-सांस्कृतिक र मानवीय पक्ष

**सन्दर्भ : होली पर्व**

■ **प्रा. डा. डिल्ली ओली**

हरेक देश, ठाउँ, समाजमा धर्म, दर्शन, परम्परा, खगोल, भूगोल, मौसम र समुदायअनुसारका चाडपर्व हुन्छन् । त्यस्ता पर्व पर्व्यानीहरूको सामाजिक-सांस्कृतिक र मानवीय पक्ष हुन्छ । चाडपर्व भौगोलिक, सांस्कृतिक र सामुदायिक परिचय पनि हो । यस्तै परिचय र सान्दर्भिकता बोकेको पर्व फागु पनि हो ।

फागुलाई होली पनि भनिन्छ । यो भारतीय शब्द हो । यो पर्व सम्बन्धित कथाका पात्रहरू हिरण्यकस्येपु, होलीका र प्रल्हाद हुन् । यि जोडिएका पात्र हुन् । शास्त्रीय, पौराणिक विषय र पात्रहरूले समाजलाई परम्परा, संस्कृति र संस्कारमा बाँधेका हुन्छन् र तिनले समाज र समुदायमा निरन्तरता पाइरहेका हुन्छन् । यिनमा समय ठाउँ र परिस्थितिअनुसार परिवर्तन भइरहनु स्वभाविक प्रक्रिया मानिन्छ ।

फागु पर्व वसन्त ऋतु परिपक्क हुने समयमा फाल्गुन महिनामा पर्दछ र गर्मी सुरु हुने हुँदा रंग महोत्सवको रूपमा पनि लिइन्छ । यो भावनात्मक पक्ष हो । यद्यपि यो पर्व पश्चिम एसियाबाट यहाँ विस्तार भएको मानिन्छ । तर फागुको उल्लेख पुराणहरूमा पनि पाइने हुनाले यसको प्राचीनताबारे बुझ्न सकिन्छ । कसैकसैले फागुलाई कामदेवसँग सम्बन्धित पनि मान्दछन् । फागु पूर्णिमालाई चन्द्रमाको जन्मदिन पनि मानिएको छ । कसैले नेपालमा यसलाई सालभन्जिकाको रूपमा मनाइने कुराको उल्लेख गरेका छन् ।

फागु पर्वको पहिलो पक्ष भगवान कृष्णसँग जोडिएको छ । त्यसैले यसलाई कृष्ण महोत्सव पनि भनिएको हो । चिर उत्थानपछि फागु सुरु हुन्छ र यसको दहनपछि अन्त्य हुन्छ । चिर उत्थान लाक्षणिक शब्द हो । मूलत : यो भगवान कृष्णले गोपिनीको चिरहरण गरेको सन्दर्भ हो । किनभने यही नेपाल उपत्यकाभित्रको ऐतिहाासिक ठाउँ भक्तपुरमा फागु पर्वमा महाभारत पात्रका लिङ्ग र योनीपूजा हुन्छ । त्यसैले चिर उत्थान अथवा फागु रासलीलासँग



सम्बन्धित पर्व हो । मोक्ष प्राप्तिको लागि संसर्गजन्य अभिचार हाम्रो सभ्यतामा नभएको पनि होइन । हाम्रो समाजमा चोलीयामार्ग र विजमार्ग भएको तथ्य सुन्दरीचोक पाटनको एउटा मूर्तिले पनि स्पष्ट पार्दछ । वेदान्तको मुख्य विषय माया पनि हो । यो अज्ञानता वा भ्रम हो । भगवान कृष्णको सन्दर्भमा चिरहरण मायाको आवरणलाई हटाएको पक्षसँग सम्बन्धित छ । मायाको कारणले जीवनले म ब्रह्म हुँ भन्ने बिर्सन्छ । माथि उल्लेखित लिंग र योनीपूजा, भगवान कृष्ण र गोपिनीको रासलीला, गोपीनिको चिरहरण, फागुन महिना सबैको लाक्षणिक अर्थ एउटै हो । माया हटिसकेपछि लिङ्ग र योनीपूजा, कृष्णको रासललिा ब्रह्म साक्षत्कार र आत्मा सात्क्षत्कारसँग जोडिएका विषय हुन् ।

फागु रंग पर्व हो । यो विज्ञानसम्मत पनि छ । रंग प्रयोगमा मानिसको आकर्षण सूर्यका किरणले गरेका हुन् । अर्कोतर्फ पाञ्चायन पद्धति मात्र होइन, सौरसम्प्रदाय मात्र **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# खै संविधानको पालना ?

२०७२ सालमा नयाँ संविधान जारी भएपछि निरन्तर आलोपालो सत्तामा रहँदै आएका कांग्रेस, एमाले र माओवादीले संविधानलाई केवल एक लिखित दस्तावेज मात्र ठाने तर त्यसको पालना गर्न अनिवार्य ठानेनन् । आफ्नो स्वार्थ सिद्ध हुने गरी शासकीय स्वरूप र निर्वाचन प्रणाली बनाएका यी दलहरूले शासन सत्तामा रहेर सधैं लुटतन्त्र मच्चाउँदै आएका छन् तर संविधानले जनतालाई दिएको सेवा सुविधाप्रति भने बेवास्ता गर्दै आएका छन् । संघ, प्रदेश र स्थानीय तहमा यिनै तीनवटा दलहरूले हालिमुहाली गर्दै आएका छन् । यिनै तीन दलका नेताहरू शासक बनेका छन्, तीनवटै तहका सरकारमा । आम जनता भने गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारीलगायतका समस्याले सधैं ग्रसित भइरहेका छन् । जनताका यावत समस्याका बारेमा ती दल र दलद्वारा लखनउ लुट मच्चाउन बनाइएका गठबन्धनका बैठकमा कहिल्यै पनि छलफल हुँदैनन् । को कुन पदमा बस्ने ? कसले कति भाग खाने ? को को आफ्ना भक्तहरूलाई विभिन्न पदमा नियुक्ति गर्ने ? यिनै विषय हुन गठबन्धनका बैठकका मुख्य एजेन्डाहरू । यी तीन दलले लुट्नसम्म लुटिरहेका छन् देश र जनतालाई ।

यिनै तीन दलको अग्रसरतामा बनाइएको नेपालको संविधान २०७२ को भाग ३ को विभिन्न धाराहरूमा मौलिक हक र राज्यको कर्तव्यसम्बन्धी व्यवस्था गरिएको छ । यसैगरी संविधानका भाग ४ का विभिन्न धाराहरूमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी व्यवस्था गरिएको छ । तर शासकहरूले संविधानका यस्ता धाराहरू पढेको देखिँदैन । जसका कारण यी धाराहरूले जनतालाई प्रत्याभूत गरेका राहत पाउनुपर्ने प्रकृतिका सेवाहरूको अनुभूत नागरिकले गर्न पाएका छैनन् । यही कारण यी दल र यिनका नेता जो शासक भएर सत्तामा बस्छन् तीसँग जनता वाक्कदिक्क भएका छन् । यिनलाई सत्ताबाट लघार्न अर्को विद्रोहको तयारीमा जनता उत्रनुपर्ने बाध्यकारी अवस्था सिर्जना हुँदैछ । मौलिक हकमा जनताको स्वास्थ्य, शिक्षा, समानता, रोजगारीको हक, श्रमसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, सामाजिक न्यायको हक लगायतका नागरिकका महत्वपूर्ण हकको व्यवस्था गरिएको छ । संविधानकै धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकलाई यसरी उल्लेख गरिएको छ– 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । तर नागरिकहरू भरपर्दो र सुलभ स्वास्थ्य सेवाबाट पूर्ण वञ्चित हुँदै आइरहेका छन् । दूरदराजका तृणमूल जनता सिटामोलको अभावमा मृत्युवरण गर्न बाध्य छन् ।

धारा ३३ मा मौलिक हकअन्तर्गत रोजगारीको हकमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने भनिएको छ । बेरोजगारलाई राहतको व्यवस्था समेत गर्ने उल्लेख छ । तर दिनहुँ १५ सयदेखि २५ सय विदेश जाने युवाहरूको लर्कोमा कमी आएको छैन । बेरोजगारले त आत्महत्याको कष्टप्रद बाटो पहिल्याउन बाध्य भइरहेका छन् । संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचका हकको व्यवस्था गरिएको छ । तर सर्वसाधारणका सन्तानले गुणस्तरीय शिक्षा पाउन सकेका छैनन् । मौलिक हकअन्तर्गत धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक, धारा ४४ मा उपभोक्ताको हकसम्बन्धी व्यवस्था गरिएको छ । तर यस्ता हकहरू संविधानमा मात्रै सीमित छन् । संविधानको धारा ४७ मा मौलिक हकको कार्यान्वयनसम्बन्धी उल्लेख छ तर शासकहरूले यसको कहिल्यै पालना गर्न आवश्यक ठानेका छैनन् । धारा ५० मा लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्न निर्देशक सिद्धान्त, नीति तथा कार्यक्रम ल्याउने व्यवस्था भए तापनि संविधानमै सीमित रहँदै आएको छ । धारा ५१ मा जनतालाई प्रभावकारी सेवा सुविधा दिलाउन दर्जनौं नीतिहरू अवलम्बन गर्ने भनिए पनि अधिकांश नीतिहरू नै बनेका छैनन् । जनताको राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक अवस्थामा सुधार गर्ने गरी नीति बनाउने व्यवस्था संविधानमा भए पनि त्यस्ता नीतिहरू तर्जुमाको तहमा समेत आउन नसक्नुले संविधान केवल कागजको खोस्टो मात्र बनिरहेको छ ।

# सिटिजन किङ नै बन्ने हो त ?



## सुरेन्द्र ढकाल

जब राणाहरूले आफैं बीच एबीसी क्लास सुरु गरे । सी क्लासका राणा विद्रोही बने जसले कालान्तरमा राणा शासन पतन गरायो । नेपालमा राजतन्त्रको पतनको लागि यदि कोही सबैभन्दा बढी दोषी थिए भने त्यो राजा ज्ञानेन्द्र नै हो । सत्ता आफ्नै हातमा लिने उनको निरंकुश अभ्यासको कारण संवैधानिक राजतन्त्र मान्ने राजनीतिक दलहरू सबै माओवादी खेमामा उभिन बाध्य भए । टाउकाको मूल्य तोक्ने शेरबहादुर र तोकिने प्रचण्ड जब राजतन्त्रको खिलाफमा उभिए, सडक तात्यो अनि राजतन्त्र बढारियो ।

गणतन्त्र आएसँगै नेताहरू सादगी हुन्छन् होला, राज्यको अर्थतन्त्रले धान्ने शासन व्यवस्था हुन्छ होला भन्ने जनताले सोचेका थिए तर यी सत्यानासीहरूको तडकभडकले एकातिर राजतन्त्रलाई उछिन्दियो भने दाजुको वंश विनाशको आरोप खेपेका राजा ज्ञानेन्द्र देशमै बसेर जसरी सादगी नागरिक जीवन बिताइरहेका छन्, त्यसले उनको लोकप्रियता बढेको मात्रै छैन, दाजुको हत्याको आरोप मनगढन्ते रहेछ भन्ने पुष्टि पनि भएको छ । हिजो श्रीपेच लगाउनेबित्तिकै माओवादी समेतको गोलमेच सम्मेलन गराई सत्ता उनीहरूलाई सुम्पेको भए राजतन्त्र ढल्ने नै थिएन । यद्यपि ढिलो भने अझै पनि भइसकेको छैन । प्रश्न के हो भने के राजा ज्ञानेन्द्र सिटिजन किङमा रुपान्तरण हुन चाहन्छन् त भन्ने नै हो ।

राज्यबाट कुनै तलबभत्ता नलिने, राजाको सचिवालय सरकारले चलाइदिने, भोटो जात्रा अनि कुमारी जात्रालगायत धार्मिक सांस्कृतिक क्रियाकलापमा मात्रै संलग्न हुने, विदेशी राजदुतहरूको ओहोदाको प्रमाणपत्र बुझ्नेजस्ता क्रियाकलापमा मात्रै सीमित हुने हो भने महँगो र तडकभडकी गणतन्त्रको राष्ट्रपति भन्दा त धेरै गुणा राम्रो सिटिजन किङ होला नि त ।

राष्ट्रपति रामवरण यादवले सरकारको निर्णयले बर्खास्त गरेको सेनाका प्रमुखलाई पदमा वहाली कायम गरिदिनु, अनि सरकार र संसदले पास गरेको विधेयकलाई विनास्वीकृति थन्क्याइदिने राष्ट्रपति विद्याको कार्यले नेपालको राष्ट्रपति आलंकारिक हो कि कार्यकारी के हो भन्ने विवादको विजारोपण गरेको छ । राष्ट्रपति निर्वाचनको कारण सत्ता



गठवन्धन धराशायी हुन जानुले पनि राष्ट्रपति फगत आलंकारिक होइन रहेछ भन्ने कुराको पुष्टि राजनीतिक दल र तिनीहरूका नेताले गर्नुले गणतन्त्र






विकृतिमय बन्न पुगेको अवस्थामा त्यसको विकल्पमा सिटिजन किङ किन नराख्ने भन्ने कुराले महत्व पाउन सक्छ । तर सडकले मात्रै सिटिजन किङ चाहेर हुँदैन, राजा ज्ञानेन्द्रले सत्ता स्वार्थ र तलबभत्ता त्यागको अनुपम उदाहरण सार्वजनिक रुपमा दिन सक्नुपर्छ । यस्तो गर्दा राष्ट्रघाती र भ्रष्टाचारीहरूसँग कुनै सहकार्य हुन नसक्ने कुरा पनि उनले स्पष्ट रुपमा बताउन सक्नुपर्छ । यसो भयो भने सिटिजन किङको पक्षमा जनलहर उठ्न सक्छ र राजा ज्ञानेन्द्र आफैंले जनताको नासो भनेको श्रीपेच उनलाई पुनर्प्राप्ती हुन सक्छ र सहकार्य नयाँ सिराबाट सुरु हुन सक्छ । फ्रान्सका अन्तिम राजा लुई फिलिपजस्तो सिटिजन किङ बन्ने मौका आएको छ, मौकामा चौकामा हान्न जान्नु पऱ्यो नत्र फेरि मौका गुम्ला ।

# पहिचान लुकाउने दलितहरूको कथा



## गोविन्द विक

एकजना लोकदोहोरी गायकले एक युट्युब अन्तर्वार्तामा आफू उपल्लो जातका सहयात्रीहरूबाट नै जातीय विभेदको सिकार हुनुपरेपछि आफूले थर छलेर परिचय दिने गरेको बताए । दलित समुदायलाई आफ्नो वास्ताविक पहिचान थर लुकाएर समाजमा स्थापित हुन बाध्यात्मक परिवेश सिर्जना मनोभावना किन परिवर्तन हुन सकेन भन्ने विषयको खोजी गर्नु आवश्यक छ ।

कुन अन्धविश्वास र कुसंस्कृतिको प्रभाव हो भन्ने प्रश्नको उत्तर राज्यसत्ता सञ्चालन गर्ने शासकले कहिले खोजेन र खोज्न पनि चाहेन, यो दुखद पक्ष हो । जातीय मुक्ति एवं विभेद अन्त्यका निम्ति दलित समुदायले छुट्टै क्रान्ति नगरे पनि विभिन्न समयमा भएका आन्दोलन सशस्त्र युद्ध, लडाइँहरूमा दलित समुदायको योगदानलाई शासकहरूले नबुझेझैं गर्नु हास्यस्पद विषय बनिरहेको छ ।

हिन्दु वर्ण व्यवस्थाअनुसार सिर्जित जात व्यवस्थाको सेरोफेरोमा नेपाली समाज अगाडि बढ्दै गयो । जसले गर्दा जातीय विभेदको फोहोराले सामाजिक आँखा बन्द गरिरहेको तितो सत्य यथावत छँदैछ । सुकिलोमुकिलो भएर कुनै समाजमा आफ्नो परिचय दलित भनेर दियो भने समाजले भन्छ तिमी त दलितजस्तो पनि देखिँदैनौ । यसको तात्पर्य दलित भनेका मैलाधैला फोहोरी हुन्छन् भन्ने मानसपटलमा गढेर बसेको पुरातनवादी सोच हटेको छैन भन्ने नै हो ।

छुवाछूतको सिकार हुने डरले गर्दा दलित समुदायका मानिसहरूले आफ्नो थर लुकाउने गरेका थुप्रै घटनाहरू पाइन्छन् । दलित भएकै कारण सहरबजारमा विद्यार्थीहरूले कोठा नपाएको र जात थाहा भएपछि कोठाबाट विभिन्न बहानामा निकाल्ने गरेको पनि घटनाहरू छन् । राजधानीमै एकजना सरकारी कर्मचारीले आफ्नो घरमा बस्नेलाई दलित भन्ने थाहा पाएपछि कोठाबाट निकालेर उजुरी नै गर्नुपरेको थियो । अझैसम्म पनि कोठा खोज्न जाँदा पहिला नै थर सोध्ने दलित भनेपछि कोठा छैन भन्ने नाक खुम्च्याउनेहरू धेरै छन् ।

यसरी विभेदको सिकार हुनुपरेपछि दलितहरूले थर लुकाएर बस्ने गरेको पाइन्छ । दलितका धेरै थर कथित उपल्लो जातसँग मिल्छन् । घिमिरे, रिमाल, बराल, बुढाथोकी, रिसाल पौडेल, कोइराला आदि । दलित समुदायका कलाकार, नेता सांसद, खेलाडी जो सुकै पनि कुनै न कुनै तरिकाबाट विभेदमा परेका छन् पारिएको छ ।

स्थानीय निकायमा दलितबाट निर्वाचित जनप्रतिनिधिहरूले समेत विभेद भोगेका छन् । कतिपय ठाउँमा दलित भएकै कारण जनप्रतिनिधिहरूले कोठा नपाएका गुनासाहरू पनि सञ्चारमाध्यमबाट बाहिर आएकै छन् । यसरी राज्यको उपेक्षामा परेका दलितहरू समुदायहरूले जातीय विभेदका भयले आफ्नो वास्तविक थर लुकाउँदा सिंगो दलित समुदायको जनसंख्यामा नै असर पुग्ने देखिन्छ । राष्ट्रिय जनगणना अनुसार २०४८ मा १५ प्रतिशत, २०५८ मा १२.८ प्रतिशत र २०६८ मा १३.८ प्रतिशत दलित समुदायको जनसंख्या रहेको पाइन्छ । त्यसैले दलितहरूले आफ्नो थर ढाँटेर आफ्ना कागजपत्रहरू बनाउनाले जनसंख्या पनि घट्न सक्छ भने आरक्षणको लागि पनि समस्या देखिन्छ । दलित भनेर थाहा पाएमा साथीले पनि एकल्याउने र कोठामा पनि समस्या हुने भएपछि थर ढाँटेर विद्यालयमा नाम लेखाउने र एसईई पास भएपछि पनि थर नसच्याउने दलित समुदायका विद्यार्थीहरूलाई आरक्षण कोटाअन्तर्गत लोकसेवा आयोगको परीक्षामा सहभागी हुनलाई जातीय प्रमाणपत्रको सिफारिसि बनाउन नै झमेला भएका बग्रेल्ती उदाहरणहरू देखिएका छन् ।

छुवाछूतको भयबाट मुक्त हुन जात ढाँटेर पछि नसच्याउँदा दुःख पाउने र दलितका लागि प्राप्त अवसर पनि गुमाउने खतरा हुने हुनाले आम दलित समुदायले आफ्नो जातप्रति हटेर हैन डटेर परिचय दिनुपर्दछ । नेपालका राज्य सञ्चालन गर्ने शासकहरूले नै जात व्यवस्थालाई मिहिन रुपमा हुकाइरहेको कुरा बुझ्न जरुरी छ । राजनीतिक दलभित्र नै जात व्यवस्थालाई बल पुग्ने गरी विभिन्न संरचनाहरू अघि सारिएका छन् । दलित मुक्तिका लागि दलितलाई लड्नुपर्छ भन्ने अनि जातीय विभेदको कारणले दलितका लासहरूको

**विभेदको सिकार हुनुपरेपछि दलितहरूले थर लुकाएर बस्ने गरेको पाइन्छ । दलितका धेरै थर कथित उपल्लो जातसँग मिल्छन् । घिमिरे, रिमाल, बराल, बुढाथोकी, रिसाल पौडेल, कोइराला आदि । दलित समुदायका कलाकार, नेता सांसद, खेलाडी जो सुकै पनि कुनै न कुनै तरिकाबाट विभेदमा परेका छन् पारिएको छ ।**

बिस्कुन बनाउँदा एक शब्द नबोल्नेहरू पनि यही समाजमा छन् ।

दलित समुदायका अग्रजहरू पनि राजनीतिक दलका गोटी बनिरहेजस्तो लाग्छ । राजनीतिक सिद्धान्तका आधारमा सिंगो समुदायको मुक्तिको आवाजभन्दा पार्टीले खोट लगाउँछ कि पार्टीले के भन्छ कि भन्ने त्रासले पार्टीभित्र वैचारिक विद्रोह जन्माउने आँट कुनै दलित नेताहरूले गर्दैनन् । सत्तामा जानका लागि दलित समुदायलाई भऱ्याङ बनाइरहेको पत्तै हुँदैन । दलितका पक्षमा विभेदका विरुद्धमा कांग्रेसका दलितले आन्दोलन गरे भने कम्युनिस्टका दलित नआउने र कम्युनिष्टका दलितले आन्दोलन गरे भने कांग्रेसका दलित नआउने प्रवृत्ति छ ।

विभिन्न राजनीतिक दलको आस्था राखेर जातीय मुक्तिको दलन चिरफार गर्छु भन्नेहरू नै एकठाउँमा छैनन् । राजनीतिक दलभित्र नै विभेद भइराखेको हुन्छ तर त्यसको विरुद्धमा बोल्ने साहस कसैमा हुँदैन । दलभित्र पनि दलितलाई दोस्रो दर्जामा राखेर व्यवहार गर्नेहरूको भीड ठूलै छ ।

दलित जनजाती सिमान्तकृत समुदायको उत्थान गर्ने उनीहरूलाई राज्यको मूलधारमा समाहित गर्ने भनेर जतिसुकै मिठा आश्वासन बाँडे पनि व्यवहारमा कहीँ कतै पिछडिएको वर्गको उत्थानका लागि राज्य संयन्त्रहरूले काम हिजो पनि गरेका थिएनन् र आज पनि गरेका छैनन् । कुनै पनि समाजमा दलित हो भनेर बताउन हच्किनुपर्ने माहोल कसरी बन्दैछ ? २००७ सालदेखिको प्रजातान्त्रिक आन्दोलन र २०६२/६३ को जनआन्दोलनमा जातीय मुक्तिका जातीय विभेद विरुद्धका आवाजहरू नउठेका होइनन् । यद्यपी यसलाई राज्यले समाज प्रगतिको बाधक कहिलै मानेन । जातीय मुक्तिका आवाज आवाजमै सीमित गरियो र गरिँदैछ पनि ।

राज्य व्यवस्था परिवर्तनका लागि बगेका दलितहरूका रगतमा तैरिएको जातीय मुक्तिको कणहरूलाई शासक वर्गले बिर्से पनि इतिहासले कसरी बिर्सन सक्छ र ? आन्दोलनको अग्र मोर्चामा रहेर परिवर्तनका लागि जीवन बलिदान गर्ने सेतु विकहरूको योगदानलाई नबुझेको यो राज्यले विभेदकारी समाज कसरी बुझ्न सक्छ ? दलित मुक्तिका लागि अहिलेको चिन्तन भनेको पुरानो सिरानीमा नयाँ खोल लगाएजस्तै भएको छ । खोल जति सफा भए पनि सिरानी पुरानै भएपछि के को राम्रो हुनु ।

सामाजिक रुपमा अपहेलित र उपेक्षित जातीय विभेदको चपेटामा पारिएका र परेका दलितहरूलाई छुवाछूतबाट मुक्त बनाउने खरो शासक वर्गको पर्खाइमा आम दलित समुदायहरू छन् । त्यसैले राजनीतिक दलका नेतृत्व वर्गहरूमा दलित समुदायप्रति गरिँदै आएको विभेद र छुवाछूत अन्त्यका लागि राजनीतिक चिन्तनको विकास नभएसम्म दलित समुदायले आफ्नो थर ढाँटने प्रवृत्तिको अन्त्य हुन नसक्ने देखिन्छ । राजनीतिक दलको गोटी नबनी आम दलित समुदायका सचेत वर्गहरूले आफ्नो पहिचान र समाजमा हुने गरेका विभेदका विरुद्धमा एक भएर आवाज उठाउन ढिला भइसकेको छ ।

# हाम्रो सामाजिक सक्रियता

## नयाँमार्ग टोल सुधार समिति तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

सुरेन्द्र ढकाल

'हाम्रो सामाजिक गन्तव्य हाम्रो माग', परिवर्तन चाहिन्छ भने पहिले आफ्नो घरबाट सुरु गर, आफ्नो घर समाज जब बदलिन्छ तब सोचमा परिवर्तन आउँछ भन्ने नारा लिएर नयाँ बानेश्वर १० वडावासी मिली यस नयाँमार्ग टोल सुधार समितिलाई सामाजिक संस्थाको रुपमा २०७९ सालमा दर्ता गर्ने कार्य सम्पन्न गरियो । यस समितिको उद्देश्य एवं कार्यको दायरा निम्नानुसार छ :

(१) सामाजिक ऐक्यबद्धता (२) सुरक्षा (३) सरसफाइ (४) आपसी सदभाव (५) टोलको विकास (६) दुर्व्यशनमुक्त क्षेत्र (७) प्राविधिक अवधारणा (८) जनस्वास्थ्य (९) सामूहिक जिम्मेवारी (१०) शिक्षा (११) पार्किङ (१२) विद्युत आपूर्तिजस्ता कुराहरू रहेका छन् ।

हुन त अहिलेको दौडधुपको बेलामा जोकोहीलाई सजिलै फुर्सत नहुने अनि आफ्नो ठाउँ आफैं बनाऔं भन्ने कुरालाई नजरअन्दाज गर्ने, गारो सारो सबै आफू आफैं भोग्दै जाने, समाजमा एक अर्कासँग दूरी कायम राखी कसैलाई कसैको मतलव नहुने अनि राज्यबाट खटाइएका सम्बन्धित निकायहरू पनि बेमतलवी भई कुनै पनि स्थानीय विकास आयोजना लिएर टोलतिर नआउने आदि इत्यादि कारणले गर्दा हामीले नयाँमार्ग टोल सुधार समिति ब्युँताएका हौं ।

आजभन्दा १० औं वर्षअघि नै गठन भएको यस समिति कहिले पनि सामाजिक कार्यको लागि ऐक्यबध्द हुन नसकेको कुरालाई बोध गर्दै अनि अग्रजहरूबाट सिक्दै यसलाई नयाँ ढंगबाट अगाडि बढाउने सोचका साथ हामी वैधानिक रुपमा प्रस्तुत भएका हौं । हालको कार्य समिति मदन सिंह थापाको अध्यक्षतामा गठन भएको छ जसमा सुभद्रा खत्री केसी उपाध्यक्ष ज्ञानुराजा मानन्धर सचिव, जयराज खत्री सहसचिव र सदस्यहरूमा सुनिल उपाध्यायसहित सुरक्षा सिंह मलहोत्रा, राजेश तिमिल्सिनाको समेत ऐक्यबद्धता रहेको छ ।

वैधानिक रुपमा स्थापना भएको लगत्तैको छोटै अवधिमा यस समितिले विभिन्न मनकारी संस्थाहरू जस्तै बीबी फाउण्डेसन, बीएमएस नेपालबाट सहयोग प्राप्त गर्न सुरु गरेको छ भने बानेश्वरमा कार्यरत अन्य सामाजिक संस्था जस्तो बानेश्वर एकता समाज, थापा गाउँ टोल विकास समिति,



छक्कुबक्कु उपभोक्ता समिति, पंचकुमारी विकास समिति, बोगटी मार्ग, कान्ति गल्ली र ओखरबोट मार्गसँग काँधमा काँध मिलाएर सहकार्य सुरु गरेको छ ।

भविष्यमा यस्ता संस्थाहरू सबै एकै छाता संगठनभित्र रही कार्य गर्ने योजना र सोचलाई समितिले अगाडि बढाएको छ । पछिल्लो समयमा यस समितिले वडा नं १० का नरोज अर्यालबाट मद्दत लिंदै आएको छ र यसका लागि समिति उहाँप्रति कृतज्ञ रहेको छ । यसको अतिरिक्त नेपाल प्रहरी बानेश्वर एकाई, सामुदायिक प्रहरी बानेश्वर, ट्राफिक प्रहरी बानेश्वर, नगर प्रहरी बानेश्वर, एक्सन वेस्ट नेपालसँग पनि समितिको सहकार्य सुरु भएकोमा समिति यस्ता सबै संस्थाहरूप्रति कृतज्ञता ज्ञापन गर्दछ ।

यसैबीच गत माघ महिनादेखि यस समिति र बानेश्वरमा कार्यरत सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य सुरु भएको छ । जसअनुरुप उक्त प्रतिष्ठानबाट सहयोगस्वरुप प्राप्त रु १ लाखमा रु २० हजार स्थानीय स्रोतबाट जम्मा गरी कूल १ लाख २० हजारको लागतमा टोलमा सीसी टिभी जडान गर्ने कार्य सम्पन्न भएको छ र उक्त प्रतिष्ठानसँग समितिको सहकार्यले स्थायित्व पाउने प्रतिबद्धता समेत प्राप्त भएको छ ।







सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य भई टोलमा सीसी टिभी जडान भएपश्चात् टोललाई दुव्यर्शनीहरूको क्रिडास्थल हुनबाट जोगाउन र चोरी चकारी, गुण्डागर्दी जस्ता अन्य त्यस्तै सामाजिक अपराधहरूबाट टोललाई मुक्त गर्न समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । अन्त्यमा नयाँमार्ग टोल सुधार समिति यस टोललाई नमुनाको टोल बनाउने उद्देश्यसहित अगाडि बढ्ने क्रममा आगामी दिनहरूमा झनै सशक्त ढंगले नयाँ नयाँ सामाजिक विकासको कार्यक्रमहरूसहित अघि बढ्ने प्रतिबद्धता जाहेर गर्दछ ।

# काठमाडौं टेक्निकल स्कुलमा नगरपालिकाको भिजिट

काठमाडौं । बूढानीलकण्ठ नगरपालिका वडा नं. ९ मा रहेको काठमाडौं टेक्निकल स्कुलमा नगर प्रमुख मिठाराम अधिकारी, शिक्षा शाखा प्रमुख, वडाध्यक्षसहितको टोलीले अनुगमन भिजिट गरेको छ ।

भिजिटका क्रममा नगरप्रमुखसहितको टोली र काठमाडौं टेक्निकल स्कुल सञ्चालन समितिबीच युवा रोजगार सिर्जना गर्ने लगायतका विषयमा छलफल गरिएको थियो ।

अनुगमनको क्रममा स्कुलले उपलब्ध गराउने सेवाहरूको बारेमा प्रत्यक्ष रुपमा जानकारी लिइएको थियो । सो क्रममा स्कुलले विशेष गरी एज केयर, होटेल क्षेत्रको वेइटर, कुक लगायतमा तालिम दिने त्यसैगरी बैंकिङ क्षेत्र, बारिस्ता बनाउनेलगायत सीपसहितको रोजगारी ग्यारेन्टी गर्ने सवालमा विस्तृत रुपमा छलफल गरिएको थियो ।

स्कुलले तालिम दिएर तालिम लिएकाहरूलाई रोजगारमा आवद्धता गराउने प्याकेज नै रहेको कुरा स्कुल सञ्चालक समितिले बताएको छ । तालिम दिने संस्था धेरै छन् तर काठमाडौं टेक्निकल स्कुलसँग तालिमका सन्दर्भमा जोसुकै पनि जोडिन सक्ने र तालिम लिएकाहरूको रोजगारीको ग्यारेन्टी स्कुलले गर्ने कुरा स्कुलका कार्यकारी निर्देशकले बताए ।

'तालिमको लागि एकजना व्यक्तिले करिब ६० हजार खर्च गर्दा ३ महिना तालिम लिन पाइने र तालिम लिएकालाई चरणवद्ध रुपमा रोजगारमा सहभागी गराउने योजना छ' कार्यकारी



निर्देशकले भने ।

'तालिमका लागि लाखौं खर्च गरेर पनि उपलब्धि नभएका थुप्रै उदाहरणहरू छन् तर काठमाडौं टेक्निकल स्कुलसँग तालिमका लागि जोडिनेहरूको पैसा र सीप खेर नजाने ग्यारेन्टी हामी गर्छौं' स्कूल सञ्चालन समिति पदाधिकारीले भने ।

तालिमका लागि जुनसुकै ठाउँबाट पनि आउन सकिने र काम गर्ने क्रममा स्थानीयतहरूसँग प्रत्यक्ष समन्वय गरेर पनि काम गर्न सकिने कुरा सञ्चालक समितिका पदाधिकारीहरूले बताए ।


छलफलको क्रममा नगर प्रमुख मिठाराम अधिकारीले नगरपालिकासँगको सहकार्यमा युवा रोजगार सिर्जना गरी नगरभित्रका स्थानीय युवाहरूलाई सीपमूलक रोजगारीमा आवद्धता गराउन सकिने कुरा बताउनुभयो ।

स्थानीय युवाहरूका लागि नगरले रोजगारी सिर्जना गर्ने कुरामा सिस्टम बसाउने प्रयत्नमा आफू लागि परेको कुरा उल्लेख गर्दै काठमाडौं टेक्निकल स्कुलसँग पनि आगामी दिनमा सहकार्यको ढोका खुल्ला भएको कुरा बताउनु भयो ।

सीपमूलक कार्यक्रममा नगरपालिकाले तत्काल स्कुलसँग सहकार्य गर्नका लागि सञ्चालक समितिले अनुरोध गरेको छ । नगरपालिकाको बजेटबाट नै चलाइएका तालिमहरू पनि उपलब्धिविहिन भएका विगतका तितो यर्थाथता जिवितै भएको हुनाले प्रयोगमा आउने र रोजगारीको ग्यारेन्टी हुने हिसावबाट काम गर्न सकिने कुरा नौ नम्बर वडाका वडाध्यक्षले बताए ।

टेक्निकल स्कुलको सम्पूर्ण व्यवस्थाकीय पक्षलगायत तालिमका प्याकेजहरू रोजगार केन्द्रित रहेको निष्कर्ष अनुगमन टोलीको छ भन्ने कुरा नगरपालिकाका शिक्षा शाखा प्रमुखले बताए ।

# भोजपुरे, श्यामल र खतिवडा पुरस्कृत



भक्तपुर । वासु शशी स्मृति परिषद्ले अग्रज साहित्यकार हिरण्य भोजपुरेलाई 'वासु शशी साहित्य सम्मान २०७९' प्रदान गर्ने निर्णय गरेको छ । यसैगरी, कवि श्यामललाई नगद राशि २५ हजार र सम्मानपत्रसहित 'वासु शशी साहित्य पुरस्कार २०७९' तथा अनुसन्धानकर्ता डा. गोपीकृष्ण खतिवडालाई नगद राशि २१ हजार र सम्मानपत्रसहित 'वासु शशी पुरस्कार २०७९' प्रदान गर्ने निर्णय गरेको हो ।

'वासु शशी साहित्य सम्मान' बाट सम्मानित साहित्यकार भोजपुरेका उपन्यासहरू 'छिटेन', 'मेरी आमै' र 'मेरी आमा ओ आमा', कथाकृतिहरू 'चौबाटोको चारैतिर', 'जँघारहरू' र 'रङ्गहरू', निबन्धकृति 'नेपाली गीत संगीतका केही रङ्ग केही तरङ', संस्मरणकृति 'अमेरिका ओ अमेरिका', गीतसंग्रह 'म गीतभित्र', बालकवितासंग्रह 'मेरो मन मेरो माटो' तथा 'सगरमाथाभन्दा माथि' आदि प्रकाशित रहेका छन् ।

'वासु शशी साहित्य पुरस्कार' बाट सम्मानित कवि श्यामलका कविता संग्रहहरू 'तपाईंहरू मार्फत्', 'लयब्रह्म', 'हतारमा यात्रा', 'कविले रोजेका कविता' (श्रव्य सिडी) र निबन्ध संग्रहः 'रित्तो गाउँ', तथा अनुवाद कृति गाब्रियल गार्सिया मार्खेजको उपन्यास 'अभागी कर्नेल' आदि प्रकाशित रहेका छन् ।

'वासु शशी शोध पुरस्कार' बाट सम्मानित अनुसन्धानकर्ता उप-प्राध्यापक डा. गोपीकृष्ण खतिवडाले नेपाल संस्कृत विश्वविद्यालयबाट 'वासु शशीका नाटकमा नाट्यतत्व' शीर्षकमा विद्यावारिधि गरेका छन् ।

वासु शशी साहित्य पुरस्कारबाट यसअघि कवि एवं साहित्यकार विनोद अश्रुमाली, मञ्जु काँचुली, बद्री पालिखे, गणेश रसिक, हेम हमाल, विश्वविमोहन श्रेष्ठ, अशेष मल्ल, हरि अधिकारी, कृष्णभूषण बल, काजी रोशन, डा. विष्णुविभु घिमिरे, नरेन्द्रबहादुर श्रेष्ठ, डा. विमल कोइराला, तीर्थ श्रेष्ठ, कणाद महर्षि, उषा शेरचन, गोविन्द गिरी प्रेरणा, सैलेन्द्रप्रकाश नेपाल, इन्दिरा प्रसाई, राधेश्याम लेकाली र मोमिला पुरस्कृत भइसकेका छन् । यसैगरी, वासु शशी साहित्य सम्मानबाट वरिष्ठ साहित्यकार तीर्थराज वन्त, डा. मोहनहिमाशु थापा, तुलसी दिवस, भैरवनाथ रिमाल 'कदम', प्रदीप रिमाल, यादव खरेल, गीताकेशरी, शिव रेग्मी, परशु प्रधान, कालीप्रसाद रिजाल कृष्ण जोशी, रमा शर्मा, श्रीधर खनाल, ज्ञान उदास, भागिरथी श्रेष्ठ, कल्पना प्रधान, श्रेष्ठ प्रिया पत्थर, कर्ण शाक्य र शैलेन्द्र साकार, सम्मानित भइसकेका छन् ।


## फागु पर्व सभ्य रूपमा मनाऔं

- आपसी सहमतिमा उल्लासपूर्वक फागु पर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं ।
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकानुनी र उच्छृङ्खल व्यवहार नगरौं ।
- चाडपर्वलाई मौलिक रूपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

विचार

# फागुन ७ र नेहरूको चालबाजी-२

सुनिल उलक

यस बिच भारतीय राजदूत सिपिएन सिंहलाई नेहरूले बारम्बार निर्देशनहरू दिइरहेको देखिन्छ। सिपिएन सिंहका हरेह गतिविधी नेहरू निर्देशित रहेको पत्रहरूको अध्ययनले देखाउँछ। नेहरू नेपाल मामलामा किन यति धेरै लागिपरेका छन् भन्ने स्पष्ट बुझ्न नसकिए पनि सहजै अनुमान भने लगाउन सक्छौ। नेहरू नेपाललाई यसरी जालमा पारिरहेका छन् कि भोलि बन्ने नयाँ सरकार सहजै अघोषित रुपमा भारतको औपनिवेशिक राज्यको रुपमा राख्न चाहेको स्पष्ट देखिन्छ।

बेलायतले नाबालक राजा ज्ञानेन्द्रलाई मान्यता दिन लाग्दा भारत निकै चिन्तित देखिएको थियो। बेलायती मन्त्री परिषदको निर्णय आउनु एक दिन अगाडि नेहरूले बेलायतमा रहेको भारतीय उच्चायुक्त भि के कृष्णमेननलाई पनि पत्र लेखेर पनि बेलायतको निर्णय ठिक नभएको जनाएका थिए। तर पनि भारत र बेलायतको यो नेपाल प्रतिको सक्रियतामा अमेरिका नआओस भन्ने दुबैले चाहेको देखिन्छ।

बिशेष गरेर बेलायत बेलायती सेनामा रहेको गोर्खा फौजका कारणले पनि नेपाल सरकारको प्रस्ताव मान्ने पक्षमा गएको देखिन्छ। फेरी गोप्य विवरण अनुसार नेपालको राणा सरकार बेलायत र अमेरिकालाई खनिज अन्वेषणको जिम्मा दिने तैयारी गरिरहेको हुँदा पनि राणासरकारको पक्षमा जाने मनसाय देखाएको भन्ने पनि बुझिन्छ।

बारम्बारको नेहरूको प्रयासले कमसेकम बेलायतले नाबालक राजालाई दिन लागेको मान्यता केही दिनलाई पछाडि सार्न अनुरोध गर्न पुगेको देखिन्छ। यति मात्र होइन भारतमा निर्वासनमा रहेका पूर्व श्री ३ पद्मशम्शेरलाई पनि फकाएर पुरानो राजालाई नै मान्यता दिएको बक्तव्य निकालेका थिए। साथै बेलायतबाट बारम्बार नाबालक राजालाई मान्यता दिने समाचार आइरहँदा आत्तिएका नेहरूले अन्तिम दिन बेलायती प्रधानमन्त्री सि आर एट्लीलाई नै पत्र लेखेर नाबालक राजालाई मान्यता दिने बेलायती निर्णय सहि नभएको हुँदा पूनर्विचार गर्न आग्रह गरेका थिए।

यसरी भारत नेपालको विषयमा यति बिघ्न चिन्तित रहिरह्यो कि दैनिक ५ वटासम्म पत्र नेपाल विषयमा कोरेको भेटिन्छ। नवम्बर २० को दिन बिपक्षी नेता जयप्रकाश नारायणलाई पनि पत्राचार गरेको देखिन्छ। उनलाई पनि नेपालको हालको अवस्थामा पुरानो राजा नै स्विकार्नुपर्ने तथा सरकार परिवर्तन गर्नुपर्नेमा जोड दिएका थिए। जयप्रकाश नारायणले पनि १९४२ को भारतमा भएको अंग्रेज विरुद्धको आन्दोलनमा अंग्रेजी सरकारको दमनमा भारतीयहरूले नेपालमा शरण लिएका थिए। तसर्थ अहिले नेपालको आन्दोलनमा पनि नेपालीहरूलाई भारतमा शरण दिनुपर्नेमा जोड दिएका थिए।

अन्तत २००७ मंसिर ६ अर्थात नवम्बर २१, १९५० मा नेहरूले श्री ३ मोहनशम्शेरलाई पत्र लेखेर सम्पूर्ण किसिमको आन्दोलन र आक्रमणहरू रोकेर वार्ता गर्न आह्वान गर्नुभयो। साथमा यो जानकारी फेरी पनि दिए - भारत सदैव राजा त्रिभुवनलाई नै राजा मान्नेछ नाबालक राजा ज्ञानेन्द्रलाई राजा स्विकार्न तैयार छैन। मंसिर ७ मा पुन बेलायती प्रधानमन्त्रीलाई पत्र लेखेर नेपालको सम्बन्धमा भारत र बेलायतको एउटै धारणा बनाउन अनुरोध गर्नुभयो। मंसिर ९ गतेको राती साढे नौ बजे नेहरू र भारतका लागि नेपाली राजदूत विजयशम्शेर बिच लामो कुराकानी भयो। यसमा पनि नेहरूले हामी नाबालक राजा स्विकार गर्न सक्दैनौ अन्य धेरै कुरामा लचक भएर कुरा गर्न तैयार छौ। महाराजा (श्री ३)को लागि हामीले बिशेष महत्व दिएर नै वार्ता गर्न सक्छौ। तर विजयशम्शेर काठमाडौ गएर श्री ३ संग भारत सरकारका धारणाहरू राख्न हिचकिचायो। जसले गर्दा भारतले आफ्ना राजदूत मार्फत नै सम्पूर्ण कुरा महाराजा सामु राख्ने तैयारी गर्यो। तर अन्तमा विजयशम्शेरले काठमाडौ जाने निर्णय लियो।

मंसिर १२ गते राजदूत विजयशम्शेर र केशरशम्शेरले नेहरूसंग भेट गरेर राजाको रुपमा नाबालक ज्ञानेन्द्र राखिसकेको हुँदा हटाउन मिल्दैन। यस्तो परिस्थितीमा त्रिभुवन स्वदेश फर्कनु त्यति सुरक्षित पनि हुदैन। तर सरकारमा गैर राणालाई पनि राखेर सरकार गठन गर्न सकिन्छ। बजेटको घोषणा पनि गर्न सकिन्छ। संविधान सभाको गठनमा केही समय लाग्ने हुँदा यसलाई भविष्यमा गर्न सकिन्छ भन्ने जानकारी दिए। नेहरूले पनि आफ्नो पुरानै धारणा राखिरहे। जबसम्म नाबालक राजालाई हटाएर त्रिभुवनलाई राजा स्विकार गरिदैन कुनै पनि अन्य शर्ट मान्न तैयार नभएको जिकिर गरे।

मंसिर १४ मा राष्ट्रपति राजेन्द्रप्रसादले पनि राजा त्रिभुवनकै पक्षमा सरकार गठनलाई प्राथमिकता दिनुपर्ने धारणा नेहरू सामु राखे। मंसिर १६ मा केशरशम्शेर र विजयशम्शेरले उपप्रधानमन्त्री बल्लभभाइ पटेलसंग भेटेर पनि उहि धारणा राखे जुन नेहरू सामु राखेका थिए।

मंसिर १८ को घटनाले मोहनशम्शेरको सरकारलाई केही घात गर्यो। बेलायती प्रतिनिधीको रुपमा आइपुगेका दुइ फ्रान्क रोवर्टस र डेनिङले गौचर विमानस्थलमा विरोधको सामना गर्नुपर्यो। जसले गर्दा बेलायतको नेपाल धारणामा सोच्न बाध्य बनायो। हुनत विमानस्थलको विरोध कार्यक्रम सुनियोजित भएको आशंका गरिएको थियो।

मंसिर २१ गते भारतीय संसदमा नेहरूले भने नेपाल परापूर्व काल देखि नै एक स्वतन्त्र राज्यको रुपमा रहि आएको छ। तर हामीले देखे वा सुने जस्तो स्वतन्त्र राज्य होइन। आन्तरिक रुपमा स्वतन्त्र हो, कहिल्यै पराधिन भएको छैन। तर उसको बिदेशसंगको सम्बन्धमा उसको नीति स्वतन्त्र छैन। उसले कुनै पनि देशसंग सम्बन्ध बनाउनु अगाडि भारतका नीतिको पनि ख्याल गर्नुपर्छ।

भारत नभइ कुनै पनि देशसंग उसको सम्बन्ध बिस्तार हुन सक्दैन। तसर्थ भारतको सहमती बिना उसले बिदेश नीतिमा केही पनि फेरबदल गर्न सक्दैन। भारतको बाटो नभइ नेपालमा जानै सकिदैन भने भारतलाई खुशी नबनाइ कुनै पनि देशसंग राम्रो सम्बन्ध कायम गर्न सक्दैन। तसर्थ नेपालको अहिलेको अवस्थामा भारत बिशेष चासो सहित समाधानमा लागेको छ। नेपाल अशान्त हुँदा भारतलाई पनि कठिनाइ हुन्छ। नेपालको सिमा भारतसंग जोडिएको हुँदा पनि समस्या भारतका सिमा क्षेत्रमा पनि देखिनेछ। हामी नेपाल छिट्टै संवैधानिक राष्ट्र हुने तथा जनताका अधिकारहरू सुनिश्चित हुनेमा विश्वस्त छौ।

नेहरूको तीन प्रस्ताव (१) संविधान सभाको गठन (२) राजा त्रिभुवनको सहमतिमा राणा तथा अन्य राजनैतिक दलको प्रतिनिधित्व रहेको सरकारको गठन (३) राजा त्रिभुवन नै रहेको घोषणा तथा राजाको अनुपस्थितिमा राजप्रतिनिधीको नियुक्ति। यि प्रस्ताव बोकेर केशरशम्शेर र विजयशम्शेर काठमाडौ फर्किए। श्री ३ मोहनशम्शेरसंग यस विषयमा कुराकानी गरे। पुस ४ गते श्री ३ मोहनशम्शेरले नेहरूलाई प्रतिउत्तर पठाए। जसका अनुसार मोहनशम्शेर केही नरम भएको आभास हुन्छ। सल्लाह उपयुक्त रहे पनि यसको लागि केही समय मागे। मन्त्रिमण्डलको बैठक पछि केही निर्णय गर्ने जानकारी पठाए।

नेहरूले संसदलाई दिएको बक्तव्यका अनुसार नेपालमा स्वतन्त्रताको साथ साथै कोशी नदी परियोजनाको अवधारणा रहेको जानकारी पनि दिए। यसले के देखाउँछ भने भारत आफ्नो स्वार्थले पनि नेपालमा सरकार परिवर्तनको लागि मेहनत गरिरहेको छ।

यता नेपालमा आन्दोलन चर्किरहेको थियो भने भारत आफ्नै हिसावले गोप्य योजनाहरूमा अगाडि बढिरहेको थियो। भारतीय राजदूतावासका एक कर्मचारी नेपाली प्रहरीबाट कुटिएकोमा पनि रुष्ट भएको थियो। नेपालमा राणाहरूले भारत विरोधी नारा पनि चर्काइरहेको थियो। यता बेलायती नीतिमा भने तत्कालै परिवर्तन भएन। साथमा अमेरिका पनि नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिमा लाग्यो। बेलायतले त नेहरूलाई प्रश्न गर्यो कि, यदि नेपालको सरकारले त्रिभुवनलाई मान्यता दिएन भने के भारतले भारतको भूमीमा बसेर नेपालका राजनैतिक दलहरूले सरकार गठन गरेमा समर्थन गर्न सक्छ। यस प्रकारको सरकार प्रति विश्वको दृष्टिकोण कस्तो बन्छ। तसर्थ मौजुदा अवस्थामा बालक राजालाई नै स्विकार गर्नुपर्छ। यता नेपालका प्रधानमन्त्री मोहन शम्शेर भारतको हस्तक्षेपको नीति बिरुद्ध अन्तराष्ट्रिय रुपमा के गर्न सकिन्छ भन्ने बाटो पनि खोज्दै थिए। संयुक्त राष्ट्र संघको सदस्यतामा छेकवार लगाउँदै बसेको भारतले त्यो बाटो पनि एक किसिमले बन्द नै गरिदिएको थियो। बेलायत र अमेरिकाको साथ साथै पाकिस्तानले पनि बालक राजालाई मान्यता दिन सक्ने सूचना पठाइसकेको थियो। सबै तिरबाट घेरिएका नेहरू भने नेपालको सबैभन्दा नजिकको राष्ट्र भारत नै भएको हुँदा भारतले जे चाहन्छ त्यहि गर्नुपर्छ भन्ने दवाव सिर्जना गर्न ब्यस्त थिए।

अन्तत पुस १० गते विजय शम्शेर र नरेन्द्रमणि दीक्षित निष्कर्षपूर्ण वार्ताको लागि पुगेका थिए। यो वार्ता करिव करिव नेहरूको प्रस्ताव नै स्विकार गर्नु थियो। एउटै मुख्य बुँदामा भने मोहनशम्शेरले अट्को थाप्यो। राजा कसलाई स्विकार गर्ने भन्ने निर्णय संविधान सभाले नै गर्नेछ। तर यो नेहरूलाई स्विकार्य भएन। नेहरू त राजा त्रिभुवन नामको कठपुतली राजा बनाउन चाहिरहेका थिए। जसलाई नेहरूले जे चाहन्छ गराउन सक्थे। तसर्थ नेहरूले ढिपी छोडेनन्।

पुस १८ गते भारतले जे चाहन्छ त्यो सबै स्विकार गर्न विजयशम्शेर तैयार भयो। भोलिपल्ट विजयशम्शेर नै नेपाल फर्किए। पुस २४ गते मोहनशम्शेरले बक्तव्य दिदै पुरानो निर्णय वदर भएको घोषणा गरे। साथै भारतको प्रस्ताव हितकर भएको हुँदा स्विकार गरिएको पनि घोषणा गरे।

नेहरू सो समय लण्डनमा थिए उनले पनि खुशी ब्यक्त गरे। यसको भोलिपल्ट राजा त्रिभुवनले पनि मोहनशम्शेरको बक्तव्यको स्वागत गरे। तर नेपाली कांग्रेस भने यो सबै कार्यमा खुशी भएन। पुस २६ मा मातृका प्रसादले मोहनशम्शेरको घोषणाको विरोध गरे साथै स्विकार गर्न नसकिने पनि बक्तव्य दिए। त्रिपक्षिय वार्तामा कांग्रेसलाई सहभागी गराउनुपर्छ भन्ने नेहरूले ठानेनन्। केवल भारत सरकार र मौजुदा नेपाल सरकार मात्र सहभागी रह्यो। राजा त्रिभुवन पनि त्यसमा सहभागी थिएनन्। त्रिभुवनलाई पूनर्वहाली गरिदिने बाचामा नै मख्ख थिए। अन्य के कस्ता प्रावधान राखिए भन्नेमा चासो नै थिएन।

माघ १ मा नेहरूले नेपाली कांग्रेसका शिर्षस्थ मातृका, बिपी र सुवर्णसंग वार्ता गरे। सरकारमा सम्मिलित गराउने आश्वासनमा नेपाली कांग्रेसका मातृकाप्रसादको अर्को दिनको वक्तव्यमा भारतलाई धन्यवाद दिदै भारतको प्रस्ताव स्विकार गरेको पनि जनाए। माघ २९ गते नेहरूले मोहनशम्शेरलाई लामो पत्र पठाएर सम्बन्ध अझै सुदृढ र सुमधुर हुने विश्वास पनि ब्यक्त गरे। फागुन ३ गते सिमा क्षेत्रमा बिशेष निगरानी गर्न पनि अनुरोध गरिएको थियो। साथै राजदूत सिंहलाई लेखिएको पत्रमा नयाँ बन्ने अन्तरिम मन्त्रिमण्डल कति संख्याको बनाउने तथा क-कसलाई राख्ने बिषयमा समेत आगाह गरिएको थियो।

फागुन ४ मा राजा स्वदेश फर्किए। देशमा प्रजातन्त्र बहालीको घोषणा गरे। तर देशले एउटा दमनकारी शासनबाट मुक्ति पाए पनि अर्को देशको अघोषित औपनिवेशिता स्विकार गर्न बाध्य भए। यस पछि राजाको साथमा राजाका मुख्य सल्लाहकारको रुपमा नेहरूले गोविन्दनारायण सिंहलाई राजाको साथ साथ पठाए। साथै नेपालमा रहेका भारतीय राजदूत सिपिएन सिंह पनि नेपालको राजनीति तथा हरेक निर्णयमा दखल दिन थाले। यसरी नेहरूको सपना पुरा भयो। तर देशले पाउनुपर्ने वास्तविक स्वतन्त्रता भने पाएन। (समाप्त)



प्रहरी प्रमुख नरशमशेर जबरा (बायाँ), श्री ५ त्रिभुवन, भारतीय प्रधानमन्त्री नेहरू, श्री ३ मोहनशमशेर जबरा, भारतका लागि नेपाली राजदूत विजयशम्शेर जबरा।

व्यंग्य

## हेल्लो प्रजातन्त्रज्यू, सञ्चै ?



● प्रेम ओली (ढकलपुरे)

तिम्रो तन्त्रको मन्त्र त बुझिनसक्नु छ
प्रजा झन् झन् दुब्लाउँदै जाने
नेता भएजति सबै मोटाउँदै जाने
नेतालाई रुघा लाग्यो भने
देश विदेश गएर सरकारी खर्चमा उपचार गर्ने
जनतालाई भोक लाग्यो भने खाडी पुगेर मर्नुपर्ने
प्रजातन्त्र भनेपछि त प्रजाको हुनुपर्ने
तिमी त कहिले यो नेताको भयौ
कहिले त्यो नेताको भयौ
जनताको भन्दा पनि खै कसको भयौ भयौ।

एउटा राजालाई फालेर दशोटा राजा बनायौ
प्रजातन्त्र दिवस पनि
प्रजासँग भन्दा विदेशीसित मात्र मनायौ
भन्ने बेला प्रजाकै लागि हुँ भन्यौ
तर बन्ने बेला पार्टीहरूको बन्यौ
नेता र कार्यकतालाई करोडपती बनायौ
जनतालाई कङ्गालपती बनायौ
खै यत्रो यो दिवस कसको लागी मनायौ

तिम्रो माहिलो भाइ लोकतन्त्रले पनि त्यसै भन्यो
त्यो पनि नेताको लागि मात्र बन्यो
अर्को कान्छो भाइ गन्त्रतन्त्रको के कुरा गर्नु
त्यो अल्लारेको झन् के भरोसामा पर्नु
जो धनि छ ऊ कौशी तरकारी फलाउँछ
जो गरिब छ त्यो माथि
तिम्रो कान्छो भाइ गणतन्त्र डोजर चलाउँछ
जनतालाई बाँच्न झन् धौ धौ भा छ
कसैको लागि प्रजातन्त्र फलिफाप नै भा छ
भन त प्रजातन्त्र, प्रजाको प्रजातन्त्र कहिले आउँछ ?
के त्यो प्रजातन्त्र जनताले साँच्चै भोग्न पाउँछ ?

## जिन्दगी के हो ?

■ मीरा शर्मा

मीठा मीठा कल्पनामा डुबेर
संसारको सैर गर्छ जिन्दगी
मिठो सपना बोकेर
जिउन खोज्ने यो जिन्दगी

पजेरो गाडीमा घुमेर
पाँचतारे होटलमा बस्ने यो जिन्दगी
खान नपाएर भोकै
सडकमा भौंतारिने यो जिन्दगी

कन्टेनरमा फ्याँकेको जुठो
पिटेर हातमुख जोड्नुपर्ने यो जिन्दगी
मखमली बिछ्यौनाले बिझाउने जिन्दगी
सडकको पेटीमा बोरा नपाउँदा पनि
गहिरो निद्रामा डुब्ने यो जिन्दगी

कति अनौठो छ यो संसारमा
जिउने हाम्रो जिन्दगी।

# काफलका औषधीय गुणहरू



गर्मी यामामा पहाडका वन पाखाहरूमा पाकेको हुन्छ काफल। यसको फलको आकार लाम्चो र गोलो आकारको हुन्छ। यसको स्वाद अमिलो मिठो हुन्छ। यसको फलको रंग काँचोमा हरियो हुन्छ। पाकि सकेपछी रातो र धेरै पाकेपछि बैजनी रंगको हुन्छ।

पहाड तिरका मानिसहरू गर्मी यामामा काफलको रूखमा चढेर काफल खानमा तल्लिन रहन्छन्। काफललाई हामीले फलको रुपमा मात्र प्रयोग नगरेर यसलाई औषधीको रूपमा समेत प्रयोग गर्न सकिन्छ।

**कर्णशूलमा** : काफलको बोक्राको काढा तिलको तेलमा पकाई तेल मात्र रहेपछि चीसो पारेर दुई तीन थोपा तेल कानमा चुहाए कर्णशुल र पीप बग्ने तथा बहिरो हुन खोजेको पनि निको हुन्छ।

**अतिसारमा** : तीन ग्राम काफलको बोक्रा र तीन ग्राम बालो बेलको काढा पकाई एक-दुई ग्राम तीन-चार पटक पिए अतिसारमा आराम हुन्छ।

**मासिक धर्ममा** : कैसर, कालो तिल र पुरानो गुड(सक्कर) र काफलको बोक्रा मिलाई काडा पकाएर पिलाए मासिकधर्म सम्बन्धी कष्ट आराम हुन्छ। यो औषधी खानासाथ अन्य खानेकुरा दिनुपर्छ।

**नेत्र रोगमा** : काफलको बोक्रा मसिनु पिधेर आँखा रातो भएमा र आँखा बिझाएमा अन्जनजस्तै लगाइदिए लाभ हुन्छ।

**घाउ-चोटमा** : बिग्रेको र चाँडै निको नहुने घाउमाकाफलको बोक्राको धूलो छरिदिए र त्यसैको काढा पकाएर प्रतिदिन धोईदियो भने निको हुन्छ।

**नपुंसकतामा** : काफलको बोक्राको धुलो भैंशीका दूधमा पिँधेर सुत्ने बेलामा मणीको भाग छाडेर लिंगमा लगाई सुत्ने र बिहान ऊठेर धुने। यस प्रक्रिया केही दिनमै यौवन फर्केर आऐ झै हुन्छ। हस्तमैथुन गरेर आएको नपुंसकतामा पनि यसले लाभ गर्छ।

**टाउको दुखाईमा** : काफलको धूलो पारेर त्यसको नश लिए शिरको पिडा निको हुन्छ।

**दममा** : काफलका बोक्राको काढा पाँच ग्राम चीनी वा मिश्री मिलाएर पिउनाले खोकी, दम, हृदय रोग, अपच र अरूचीमा पनि लाभ गर्दछ।


**पेट दुखेमा** : काफलको बोक्रा चार ग्राम मिश्रीको काढासित चार दिन सेवन गरे जुनसुकै कारणले पेट दुखेको वा शुल भएको भए पनि आराम हुन्छ।

**दन्त पिडामा** : काफलको बोक्रा पिसेर त्यही धूलोले मञ्जन गर्ने गरे दाँतको पिडा शान्त हुन्छ। तीन दिनमा विसेक भएन भने नून मिसाएर मञ्जन गर्ने र त्यसको काढा पकाएर मनतातो बनाएर कुल्ला गर्ने गरे लाभ हुन्छ।

# लोकसाहित्य अन्तर्राष्ट्रिय पुरस्कार कुमार बस्नेतलाई

काठमाडौ। फागुन १५ गते कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठान नेपालले नेपालको लोकगीत, लोकवार्ता, लोकसंगीत तथा संस्कृतिको क्षेत्रमा गहन अनुसन्धान गरी विभिन्न भाकामा लोकगीत गायनका साथै गीति एलबमहरूको प्रकाशनका माध्यमबाट नेपालको लोकगीत, लोकवार्ता, लोकसंगीत तथा संस्कृतिलाई नेपालका विभिन्न क्षेत्र एवं विश्वसामु परिचित गराउन पुर्‍याउनुभएको उल्लेखनीय योगदानको उच्च कदर गर्दै नेपालको संस्कृति एवं लोकसाहित्यका अनुसन्धानदाता श्रष्टा कालीभक्त पन्तको नाममा स्थापित वि.सं. २०७९ सालको कालीभक्त पन्त नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय पुरस्कार प्रसिद्ध लोकगायक कुमार बस्नेतलाई प्रदान गरेको छ।

कालीभक्त पन्तको एकतीसौं स्मृति दिवस मनाउने क्रममा यही फागुन १५ गते काठमाडौंमा एक विशेष कार्यक्रमको आयोजना गरी रु १,०१,०००।- (१ लाख १ हजार) राशिको उक्त पुरस्कार हस्तान्तरण गरेको हो। प्रतिष्ठानका अध्यक्ष प्रा. डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिनाको अध्यक्षता र सम्माननीय पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा प्रतिष्ठानका पदाधिकारीहरू, साहित्यकाहरू, गन्यमान्य व्यक्तित्वहरू लगायत परिवारका सदस्यहरूको उपस्थिति थियो।



नेपालको लोकवार्ता र संस्कृतिको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने, कृतिहरू प्रकाशन गर्ने, लोकवार्ता र संस्कृतिको प्रचार-प्रसार र विकास गर्ने, व्यक्तित्वलाई विगत चार वर्षदेखि कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठान नेपालले कालीभक्त पन्त नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको छ।

नेपालमा रू १,०१,०००।- (विदेशमा १००१ अमेरिकी डलर) राशि र सम्मान पत्रसहितको उक्त पुरस्कार यसअघि सत्यमोहन जोशी (२०७५), कृष्ण कँडेल (२०७६), तुलसी दिवस (२०७७) र प्रा. डा. चुडामणी बन्धु (२०७८) लाई प्रदान गरिएको थियो। उक्त पुरस्कारका संस्थापक कालीभक्त पन्तका साहिला छोरा/ बुहारी गोविन्दप्रसाद पन्त र उर्मिलादेवी पन्त हुनुहुन्छ।

यसअघि यही फागुन ६ गते कालीभक्त पन्तको एकतीसौं स्मृति दिवस फलेवास नगरपालिका-६ स्थित प्रतिष्ठानको स्मृति भवनमा एक कार्यक्रमको आयोजना गरी मनाइएको थियो। प्रतिष्ठानका अध्यक्ष प्रा. डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिनाको अध्यक्षता र फलेवास न.पा.का उपमेयर शोभा क्षेत्रीको आतित्थ्यमा भएको कार्यक्रममा स्व. कालीभक्त, स्व. कृष्णा पन्त तथा स्व. दुर्गादेवी पन्त पाण्डेका नाममा स्थापित विभिन्न छात्रवृत्तिहरू वितरण गरिएको थियो। सोही दिन प्रतिष्ठानको कार्य समितिको निर्णयानुसार २०७९ का लागि कालीभक्त नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय पुरस्कार प्रसिद्ध लोकगायक कुमार बस्नेतलाई प्रदान गर्ने घोषणा गरिएको थियो।

# फिलिसाइड अर्थात् आफ्नै सन्तान मार्ने आमाको कथा



विष्णु भट्टराई

सुन्दा पत्याउन गाह्रो हुन्छ, आफैँले जन्माएको सन्तानको हत्या ! तर, वास्तविकता हो । रुसमा हरेक वर्ष आफ्नै बच्चा मारेको अभियोगमा कैयौँ महिलामाथि मुद्दा चल्ने गरेको छ । आरोपितमध्ये धेरै बच्चा भएका गृहिणीदेखि सफल व्यावसायिक व्यवस्थापकसम्मका महिला छन् । यो समस्या रुसको मात्रै होइन, संयुक्त राज्य अमेरिकामा पनि हरेक चार आमामध्ये एकमा आफ्ना बच्चा मार्ने विचार आउने गरेको अनुमान मनोविद्हरूले गरेका छन् ।

सन् २०२१ मा गरिएको एक अध्ययनले न्याय मन्त्रालयको ३२ वर्षको तथ्यांक हेर्दा बच्चाको हत्या आँकडा अन्य सबै हत्याको १५ प्रतिशत रहेको देखाउँछ । एउटा अध्ययनमा सन् १९७६ देखि १९९७ सम्ममा बाबुआमाले ११ हजार बच्चाको हत्या गरेको उल्लेख छ । औसतमा यसले एक वर्षमा तीन सय ४० भन्दा बढी बच्चाको हत्या हुने देखाउँछ ।

तर, रुसमा अन्य कैयौँ मुलुकमा जस्तै बाँच्नका लागि अविभावक बलियो हुनुपर्ने र मानसिक स्वास्थ्यबारे जानकार भई आम मान्छे जीवनमा अगाडि बढिरहनुपर्छ भन्ने ठानिन्छ । यो कथाले पनि बच्चा जन्मनेबित्तिकै मानसिक रूपमा धेरैजसो पहिचान नहुने गरेको देखाउँछन् । यहि कारणले समयमा बच्चाको उपचार नहुने र धेरैजसो दुःखद अन्त्य नभएसम्म नजिकका नातेदारले पनि के भइरहेको हो भन्ने बुझ्न विफल हुने गरेको देखाउँछन् ।

बिबिसी रुसी सेवाका दुई पत्रकारले किन आमाहरू आफ्नै बच्चाको हत्या गर्छन् भन्ने कुरा पत्ता लगाउन केही रुसी महिलाहरूसँग कुराकानी गरेका थिए । उनीहरूको अनुसन्धानले मातृत्वबारे रहेको मिथक कसरी भत्काउन आवश्यक छ र धेरै महिलाहरूमाथि पर्ने चरम बोझ र दबाबको वास्तविकताबारे बोल्न आवश्यक छ भन्ने देखाएको छ । त्यसो गरियो भने बच्चा मार्ने कार्य रोकिन सक्छ ।

अल्योना आफ्ना श्रीमान् प्योटरसँग खुसी वैवाहिक सम्बन्धमा थिइन् र आफू गर्भवति भएकोमा अझै रोमाञ्चित थिइन । उनीहरूले बच्चाका लागि लुगाहरू र उसलाई लिएर हिँड्ने बग्गीसमेत किनेका थिए । अल्योना बच्चा पाउनु अघिका कक्षाहरूमा सहभागी भइन् । तर, त्यस्ता कक्षामा कसैले पनि नयाँ आमा बन्दा हुने मानसिक समस्याबारे बोलेन । बच्चा जन्मेपछि अल्योनालाई निद्रा नपर्ने समस्या विकास भयो र उनले त्यसलाई झेल्न नसकेको बताइन् ।

उनलाई पहिले केही मानसिक समस्या भएको थाहा भयो र मनोचिकित्सकले उनलाई औषधि दिएपछि केही सहयोग भयो । एक दिन प्योटर घर आउँदा सात महिनाको बच्चा बाथटबमा मृत अवस्थामा फेला पारे र पछि अल्योना मस्को सहरको बाहिरी भागमा एउटा तालको छेउमा फेला परिन् ।

बच्चालाई पानीमा डुबाएपछि अल्योनाले एक बोतल भोड्का पिइन् आफू पनि पानीमा डुब्न खोजिन् र होस गुमाइन् । अहिले उनीविरुद्ध मुद्दा चलिरहेको छ । दुःखी प्योटर अल्योनाको मुद्दाको हरेक सुनुवाइमा जान्छन् र कठघरामा बसेकी उनलाई सम्झाउन खोज्छन् । यदि, अल्योनालाई कसैले बच्चा पाएपछि हुने मानसिक समस्याबारे बताएको भए अहिले भोगीरहेको समस्या रोक्न सकिन्थ्यो भन्ने उनलाई लाग्छ ।

उनी भन्छन्, 'उनको कुनै दुराशय थिएन, उनी मानसिक समस्याको सिकार भएकी थिइन् ।' 'यदि उनलाई सही डाक्टरलाई देखाउन पाएको भए र उनले अनुरोध गरेका वेला मैले अस्पताल लगेको भए, अहिलेको घटना हुने थिएन ।'

रुसी अपराधशास्त्रीहरूका अनुसार ८० प्रतिशत महिलाले आफ्नो बच्चाको हत्या गर्नुअघि टाउको दुख्ने, निद्रा नपर्ने, वा महिनावारी नियमित नहुने गरेको गुनासो गर्ने गरेका थिए । रुसी कानुनमा धेरै परीक्षण नगरिएको र वर्जित अपराधलाई फिलिसाइड भनिन्छ, त्यो भनेको आमाले आफ्नै बच्चा मार्ने हो ।

कसैले भर्खरै जन्मेको बच्चाको हत्या गर्छन् त कसैले दुई वर्ष नपुग्दैको उमेरमा । सन् २०१८ मा रुसमा ३३ वटा यस्ता मुद्दा चलाइएका छन् । केही अपराधशास्त्रीहरूले गरेको रिपोर्ट भन्दा आठ गुणा बढी यस्ता घटना रहेको तर अदालतसम्म यस्ता घटना आइनपुग्ने गरेको अनुमान छ ।


'हाम्रो अस्पतालका २० मध्ये ३ अथवा ४ शैययामा आफ्नै बच्चाको हत्या गरेका महिलाहरू राखिएका हुन्छन्,' फरेन्सिक विज्ञ र मस्कोको सरबस्की इन्स्टिच्युट अफ साइकियाट्रीकी प्रमुख अनुसन्धानकर्ता मार्ग्रीटा कचेभा भन्छिन् ।

एकजना अकाउन्टेन्ट, एकजना शिक्षिका, एक बेरोजगार महिला, एकजना समाज कल्याण परामर्शदाता, एकजना वेट्रेस, एकजना डिजाइन स्कुल पास गरेकी महिला, एउटा ठूलो परिवारकी महिला, एकजना पसलकी सहायक । बिबिसी रुसी सेवाले कुरा गरेका ३० जनाभन्दा बढी महिलाका कथा फरक फरक छन् ।

समाजले गर्ने आशंकाविपरीत आफ्ना बच्चाको हत्या गरेका धेरै महिलाका श्रीमान् थिए, घर, जागिर थियो र कुनै कुलत थिएन । डाक्टरहरू भन्छन, बच्चा जन्माएपछि दबेर बसेको मानसिक रोग अचानक बढ्न सक्छ ।







महिलाहरूमा केही दीर्घरोग हुनसक्छ जुन दैनिक जीवनमा देखा नपर्न सक्छ, तर गर्भावस्था, बच्चा जन्म दिँदा वा मेनोपजका वेलामा देखिन सक्छ ।

३८ वर्षीया आना शिक्षिका हुन् । उनका १८ र १० वर्षीय छोरा छन् । उनीहरू बाबुआमाले अत्यन्त चाहना गरेर पाउन लागेका बहिनीको पर्खाइमा थिए । तर ७ जुलाइ २०१८ को दिन आनाले आफैँ एम्बुलेन्स बोलाइन् । बच्चा जन्मनुअघि उनलाई असाध्यै ठूलो पीडा भइरहेको थियो । त्यसपछिका दिनमा स्थिति झन् बिग्रियो । आनाले आफूले सहन सक्छु भन्ने ठानिनन्, एकजना मनोचिकित्सकले उनलाई आराम गर्न भनिन् । उनका श्रीमान् मस्कोमा काममा गएका वेला आफ्ना बच्चालाई एकजना साथी कहाँ छोडिन् र आफू खाट किन्न जान लागेको बताइन् ।

तर, उनी आफ्नी आमाको समाधिस्थल गइन् । अर्को दिन उनी खाली खुट्टा बच्चा लिएर हिँडिरहेका वेला प्रहरीले कहाँ जान लागेको भनेर सोध्दा जवाफ दिन सकिनन् । उनकी सासुले उनलाई घर लिएर गइन् र, त्यति बेला आनाले आफ्नो बच्चालाई तकियाले मुख थुनेर मार्न खोजिन् भन्ने कुरा अदालतले स्थापित गर्न खोजिरहेको छ ।

७ जुलाइका दिन एम्बुलेन्स आएपछि आनाले डाक्टरलाई भनिन्, 'हेर त, मेलै बच्चा मारेँजस्तो छ ।' स्वास्थ्यकर्मीहरूले आनालाई बचाउन सफल भए र उनलाई अस्पतालमा भर्ना गरियो । उनलाई दीर्घरोग बनिसकेको स्किजोफ्रेनिया भएको पत्ता लाग्यो । 'त्यो भनेको पूर्ण पागलपन होइन भन्ने बुझ्न जरुरी छ । बच्चाको हत्या गरेका वेला मानसिक रोगी हुने महिलाले त्यसअघि पूर्णरूपमा साधारण जीवन बिताइरहेको हुन सक्छ,' डा. कचेभा भन्छिन् ।

'हे भगवान, डाक्टर मैले यो के गरेँ ? अब म कसरी बाँच्नु ?' २१ वर्षीया एरिना उनको नवौँ तलामा रहेको फ्ल्याटबाट आफ्नो बच्चा अगाँलोमा राखेर हाम फालेकी थिइन् । उनका श्रीमान् सैनिक हुन् र बच्चा जन्मँदा उनी काममा थिए । आफ्नी श्रीमतीमा मानसिक समस्या देखिएकाले उनले केही उपचार पनि गराएका थिए ।

उनी आफ्ना बाबुआमासँग एक वर्षदेखि बस्दै आएकी थिइन् । उनले बच्चाको हत्या र आफ्नो आत्महत्या गर्ने प्रयत्न गरेको अघिल्लो दिन आफ्ना श्रीमान्ले आफ्नो हत्या गर्न चक्कु तिखारिरहेको प्रहरीलाई बताएकी थिइन् । जादुजस्तो भयो, आमा र बच्चा दुवैको ज्यान गएन । उनीहरूलाई अस्पताल पुर्याइयो र पछि एरिनालाई प्रहरीले नियन्त्रणमा लियो । मनोविद्हरूले उनलाई स्किजोफ्रेनिया भएको पत्ता लगाए ।

स्किजोफ्रेनिया भएका आमाहरू र डिप्रेसन भएका आमाहरूले आफ्ना बच्चा मार्नुपरेको बारे धेरैजसो उस्तै उस्तै कारणहरू दिने गरेका छन् । 'म यति खराब आमा छु, उसकै राम्रोका लागि हो,' 'यस्तो नराम्रो संसार छ, बच्चा यस्तोमा नबाँचेकै राम्रो ।' अपराध गरिसकेपछि उनीहरूलाई शान्ति हुँदैन र पहिलो, दोस्रो या तेस्रो प्रयत्नमा आफ्नै ज्यान लिन्छन,' डाक्टर कचेभा भन्छिन् । उनी भन्छिन् घरका कुनै सदस्यले त्यसो गर्नबाट रोक्न सके भने त्यस्ता महिलाहरूलाई उनको संस्थामा ल्याइपुर्‍याइन्छ । उपचार सुरु भएको ६ महिनामा उनीहरू पूर्ण रूपमा निको हुन्छन् ।

अमेरिकामा जस्तै रुसमा पनि आफ्ना बच्चाको हत्या गर्ने महिलाहरूलाई कस्तो सजाय दिने भन्ने अदालतले निर्णय गर्छन् । यदि, फरेन्सिक मनोविद्हरूले आमालाई पागल पाएनन् भने उनलाई लामो जेल सजाय पनि हुन सक्छ । यस्ता धेरै महिलाहरूले बाल्यकालमा नराम्रो व्यवहार भोगेका हुन्छन् । रुसी फरेन्सिक मनोविद्हरूले गरेको अनुसन्धानअनुसार आफ्नो बच्चाको हत्या गरेका ८० प्रतिशत महिला गरिब परिवारमा हुर्केकाहरू र तीमध्ये ८५ प्रतिशतको आफ्नै वैवाहिक जीवनमा समस्या हुन्छ । अनुसन्धानकर्ताहरू यी विषयबीच प्रत्यक्ष सम्बन्ध हुने देख्छन् झुटो बोल्ने, विवाद गर्ने, झगडा गर्ने, अप्रसन्नता, मातिने गरी रक्सी खानेजस्ता बानी किशोरी अवस्थामा हुने केटीहरू पछि गएर यस्तै व्यवहार गर्ने गर्छन् ।

आफ्ना बाबुआमासँग सहज सम्बन्ध नहुनेहरूको पनि बच्चाप्रति कठोर व्यवहार हुन सक्छ । बच्चाको हत्या गर्ने आमाहरूले त्यसअघि बच्चालाई अति धेरै माया दर्शाएर त्यो प्रवृत्तिलाई छोप्छन् । घरेलु हिंसा पीडितहरूले पनि भविष्यमा यस्ता अपराध गर्नेमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् ।' 'यस्ता धेरै महिलाहरूले बाल्यकालमा शारीरिक तथा मानसिक दुर्वव्यवहार भोगेका हुन्छन् ।'

'जेलका अधिकारीहरू अरू बन्दीका तुलनामा बच्चाको हत्या गर्नेहरूबारे धेरैजसो केही भन्न चाहँदैनन्' अर्कै अपराधमा जेल परेकी नायिका मरिना क्लेसचेभा भन्छिन् । 'मैले पनि उनीहरूलाई भेटेँ उनीहरूकै घर वरपरका मानिसले नभनेसम्म उनीहरू किन जेल परे भन्ने थाहा हुँदैन । जेलभित्र उनीहरूका कुनै साथी हुँदैनन् । उनीहरू असाध्यै चुपचाप बस्छन् र कुनै पनि तर्कवितर्कमा अगाडि सर्दैनन् किनभने उनीहरूलाई अरुले मारिदेलान् भन्ने डर हुन्छ ।'

मस्कोस्थित क्लिनिकल प्याथोलजिस्ट याकोभ कोचेटोभ भन्छन्, 'महिलाहरूले आफूमा आउने हत्याको विचार अस्वीकार गर्छन् र बचाउका लागि अरूमाथि आफ्नो आक्रोश थोपर्छन् । 'म त्यस्ता खाले आमाहरूको भत्सर्ना गर्थें । त्यस्तो त मलाई कहिल्यै हुने छैन भन्ठान्थेँ,' एउटा ठूलो दूरसञ्चार कम्पनीमा काम गर्ने विज्ञ ३३ वर्षीया तात्याना भन्छिन् ।

'बिक्रीका वेला भेट हुने कैयौँ मानिस, व्यावसायिक भ्रमणमा बन्ने साथीहरू र म असाध्यै बच्चा चाहन्थ्यौँ । बच्चा जन्माउन हामी जस्तो हुनुपर्ने हो त्यसैगरी तयार भएका छौँ जस्तो लाग्थ्यो तर त्यस्तो होइन रहेछ भन्ने देखियो ।' 'जन्म दिने काम असाध्यै कठिन थियो र सुँडेनीहरू राम्रा थिएनन् । पछि मलाई जन्म दिएका बखतको झल्को आउन थाल्यो पीडादायी सपना देख्न थालेँ । ब्युँझँदा मुटु हल्लिरहेको हुन्थ्यो । तौल बढ्यो कपाल झर्‍यो, यी सबैले मलाई मेरो बच्चाप्रति क्रोध बढाउँदै लग्यो । मलाई लाग्न थाल्यो, उसले मेरो जीवन बरबाद पार्यो ।' जब बच्चा रातमा सुत्दैनथ्यो अथवा दाँत उम्रन लागेकाले रुन्थ्यो र तात्यानालाई असह्य हुन्थ्यो ।

'उसको रुवाइले मेरो टाउको फुट्लाजस्तो हुन्थ्यो र त्यसले मलाई मेरो बाल्यकालमा भोगेका समस्याहरू सम्झाइदिन्थ्यो,' तात्याना सम्झन्छिन् । 'जे पनि मैले नै भोग्नुपर्ने किन भन्ने भावना आउँथ्यो । सुताउने प्रयत्न गरिरहेका वेला मैले बच्चालाई बेस्सरी हल्लाइदिन्थेँ । ऊ डराएर झन् बेस्सरी रुन्थ्यो । मैले उसलाई ओछ्यानमा मिल्काइदिएर चिच्याउँथेँ 'तँ त मरे कै भए जाती हुन्थ्यो । त्यसपछि म लाजले र पश्चातापले भरिन्थेँ किनभने म मातृत्वको मजा लिन सकिरहेकी थिइनँ ।'

तात्यानाका श्रीमानले बच्चालाई उनले मानसिक समस्या दिइरहेको बताए । उनका गुनासाहरूलाई बेवास्ता गर्दै उनले भने, 'तिमी एक आमा हौ होइनौ र ? अरुले गर्न सक्छन् तिमी किन सक्दिनौ ? पहिला सुरुमा यो बच्चा नै किन पाएकी ?' एक वर्ष बित्यो र परिस्थिति झन् बिग्रँदै गयो । आत्महत्या गर्ने विचारसहित उनी मनोचिकित्सक कहाँ गइन् ।

'यस्ती दुष्ट आमा यो पृथ्वीमा नरहेकै जाती भन्ने लाग्यो । मेरो छोराले म भन्दा असल आमा पाउनुपर्छ । मानसिक पीडाभन्दा आफैँलाई सिध्याउन मेरा लागि सहज हुनसक्छ । मलाई यस्ता धेरै समस्या थिए । मनोविद्ले तत्काल मेरो समस्यालाई गम्भीरतासाथ लिए र मलाई सहयोग गरे ।'

जब आफ्नो बच्चाको हत्याको कुरा अगाडि आउँछ हामी परिवार नियोजनका साधन प्रयोग गर्ने र बेबी बक्स प्रयोग गर्ने कुरा गर्न थाल्छौँ । तर, रुसी र पश्चिमा डाक्टरहरू बच्चा जन्मेपछि हुने डिप्रेसनबारे सचेत रहनु महत्वपूर्ण रहेको बताउँछन् ।

'बच्चा जन्माउनुअघि सबै सम्भावित दृष्यबारे विचार गर्नु राम्रो हुन्छ । आफ्नी आमासँग आफ्नो सम्बन्धबारे छलफल गर्ने आफू र आफ्नो पार्टनरबारे आफ्नो भावना के छ त्यो छलफल गर्ने र त्यसले बच्चा जन्माएपछि कसरी आफूलाई प्रभावित पार्नेछ भन्ने विचार गर्नु राम्रो हुन्छ,' मनोविद् मरिना बिलोब्राम भन्छिन् ।

मार्ग्रिटा कचेभा भन्छिन, 'मस्को र यो क्षेत्रमा संकटमा परेका महिलाहरूका लागि हाम्रा केन्द्रहरू छन् । घरेलु हिंसादेखि डिप्रेसन भएकासम्म महिलाहरूका लागि यी केन्द्र खुला छन् । तर, ती आधा मात्र भरिएका छन् किनभने महिलाहरू त्यहाँ गएर आफ्ना समस्या भने आफ्ना बच्चा अरूले लैजालान् कि भनेर त्रस्त छन् । स्थानीय तहमा उपलब्ध मनोविद्कहाँ पनि त्यसै कारणले उनीहरू जान डराउँछन् । र आफ्ना श्रीमान् र परिवारलाई भन्दा हप्काइ खानुपर्ने डर छ ।' त्यसैले, सके दबाउँछन् न सके हत्या वा आत्महत्या गर्छन् ।

(बिबिसिबाट)

# चीनको विकल्प अन्य एसियाली देशले दिन सक्छन् ?

विद्युतीय सरसामान उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनी पानासोनिकले सन् १९८७ मा चीनमा साहसिक दाउ लगायो । त्यस बखत यस इलेक्ट्रोनिक्स जयान्टको गृहदेश जापान विश्वव्यापी म्यानुफ्याक्चरिङको पावरहाउस थियो भने चिनियाँ अर्थतन्त्र क्यानडाको भन्दा ठूलो थिएन । त्यसैले पानासोनिकले आफ्ना टेलिभिजन सेटका निमित्त क्याथोड-रे ट्युबहरू बनाउन चिनियाँ कम्पनीसँग जोइन्ट भेन्चरसहित बेइजिङ प्रवेश गर्दा मानिसहरूले आँखिभौँ खुम्च्याएका थिए । केही समयअघिसम्म पनि जापान र अन्यत्रका पनि कन्जुमर इलेक्ट्रोनिक्स (उपभोग्य विद्युतीय सामान)का महारथी उत्पादकहरू प्रचुर र सस्तो श्रमको फाइदा लिन चीनमा थुप्रिँदै थिए । साढे तीन दशकदेखि चीन खर्बौं डलरको कन्जुमर-इलेक्ट्रोनिक्स उद्योगको मेरुदण्ड बनेको छ ।

सन् २०२१ मा विद्युतीय सामान र त्यसका पार्टपुर्जाको विश्वव्यापी निर्यात बजार ३३ खर्ब डलर रहेको थियो । यस वर्ष चीनको विद्युतीय सामानको निर्यात १० खर्ब डलर थियो । अहिले, चीनलाई बेवास्ता गर्ने कम्पनी निकै साहसी हुनुपर्छ । तर, विदेशी कम्पनीले चीनलाई पूर्ण रूपमा छोड्न नसके पनि भारी व्यापारिक एवं राजनीतिक दबाबका कारण आफ्नो विस्तार र वृद्धिलाई ध्यानमा राख्दै उनीहरू अहिले चीनबाहिर चिहाउने साहस गर्न थालेका छन् । अब चिनियाँ श्रम पहिलेजस्तो सस्तो रहेन ।

चीनमा सन् २०१३-२०२२ को बीचमा म्यानुफ्याक्चरिङको ज्याला दोब्बर भएर प्रतिघन्टा औसत ८.२७ डलर पुगेको छ । अझ महत्वपूर्ण त के भने चीन र वासिंगटनबीचको गहिरिँदो प्रविधि युद्धले उच्च प्रविधियुक्त उत्पादन (सामग्री) विशेषगरी उन्नत सेमिकन्डक्टरसँग सम्बन्धी म्यानुफ्याक्चरर आफ्नो चीन निर्भरतामाथि पुनर्विचार गर्न बाध्य हुन थालेका छन् ।अनुसन्धान संस्था तेइकोकु डाटाबैंकका अनुसार सन् २०२०-२०२२ को बीचमा चीनमा सञ्चालनमा रहेका जापानी कम्पनीहरूको संख्या १३ हजार ६०० बाट १२ हजार ७०० मा झरेको छ ।

सोनीले जापान र पश्चिमा मुलुकमा बिक्री हुने आफ्ना क्यामेराको उत्पादन उसले चीनबाट थाइल्यान्ड सार्ने योजना बनाएको तोइकोकुको जनवरीको रिपोर्टमा उल्लेख थियो । दक्षिण कोरियाली कम्पनी सामसुङले सन् २०१३ मा उच्च बिन्दुमा पुगेको चिनियाँ कामदारको संख्यामा अहिले दुईतिहाइभन्दा बढीले कटौती गरिसकेको छ । अमेरिकी कम्प्युटर निर्माता डेलले सन् २०२४ सम्ममा चिनियाँ चिप्सको प्रयोग बन्द गर्ने लक्ष्य राखेको छ ।

प्रश्न उठ्छ- डेल, सामसुङ, सोनी र अन्य कम्पनीले चीनको सट्टा अब सामान कहाँ बनाउने त ? चीनको विशाल म्यानुफ्याक्चरिङ बेस(आधार) अन्य कुनै पनि एकल देशले उपलब्ध गराउन सक्दैन । तर, सम्भावना भएका एसियाभरका अर्थतन्त्र (अल्टासिया अर्थात् एसियाई विकल्प)लाई एकसाथ राखेर हेर्ने हो भने यसको विशाल विकल्प प्रस्तुत हुन्छ ।

चीनमा सन् २०१३-२०२२ को बीचमा म्यानुफ्याक्चरिङको ज्याला दोब्बर भएर प्रतिघन्टा औसत ८.२७ डलर पुगेको छ । जब कि भारत, मलेसिया, फिलिपिन्स, थाइल्यान्ड र भियतनाममा म्यानुफ्याक्चरिङको ज्याला घन्टाको तीन डलरभन्दा कम छ ।

जापानको होक्काइडोदेखि दक्षिण कोरिया, ताइवान, फिलिपिन्स, इन्डोनेसिया, सिंगापुर, मलेसिया, थाइल्यान्ड, भियतनाम, कम्बोडिया र बंगलादेश हुँदै भारतको उत्तर पश्चिम गुजरातसम्म फैलिएको अल्टासिया नै चीनको विकल्प हुन सक्छ । जापानको उच्च सीपदेखि भारतको न्यून ज्यालादरसम्म यी सबैका फरक-फरक सबलता छन् । केही देशले परिस्कृत पार्टपुर्जा बनाउँछन् भने अरूले तिनलाई तयारी मालका रूपमा एसेम्बल गर्छन् । यो श्रमको उपयोगी विभाजनको अवसर पनि हो । यसले व्यवहारमा काम गर्न सक्छ कि सक्दैन, त्यो नै नयाँ भूराजनीतिक व्यवस्थाको ठूलो परीक्षण हो ।

यो वैकल्पिक एसियाई आपूर्ति शृंखला चीनको बराबर अझ राम्रो नै देखिन्छ । एक अर्ब ४० करोडको संख्यमा रहेका यहाँका कामकाजी उमेरको जनसंख्याका अगाडि चीन होचो देखापर्छ । अल्टासियामा २५ देखि ५४ वर्ष उमेर समूहका १३ करोड ४० लाख मानिस बसोबास गर्छन्, जुन चीनको १४ करोड ५० लाखको तुलनामा उच्च रूपले शिक्षित पनि छन् । बूढो हुँदै गएको चीनका विपरीत उनीहरू विस्तार हुँदै छन् । अल्टासियाको अधिकांश भागमा ज्याला पनि चीनको भन्दा उल्लेख्य रूपमा न्यून छ । भारत, मलेसिया, फिलिपिन्स, थाइल्यान्ड र भियतनाममा म्यानुफ्याक्चरिङको ज्याला घन्टाको तीन डलरभन्दा कम छ । यो भनेको अहिले चिनियाँ कामदारले माग गर्ने ज्यालाको एकतिहाइजति मात्रै हो । साथै, यो क्षेत्र निर्यातक शक्ति पनि हो । यी मुलुकले सन् २०२१ को सेप्टेम्बरदेखि सन् २०२२ को सेप्टेम्बरसम्म १२ महिनामा अमेरिकालाई ६ खर्ब ३४ अर्ब डलरको सामान बेचेका थिए, जबकि यही अवधिमा चीनको अमेरिका निर्यात ६ खर्ब १४ अर्ब डलरको थियो ।

अल्टासिया आर्थिक रूपले थप एकीकृत पनि भएको छ । भारत, बंगलादेश र ताइवानले बृहत् क्षेत्रीय आर्थिक साझेदारी (आरसिइपी) मा हस्ताक्षर गरेका छन्, जसमा चीन पनि सामेल छ । यस क्षेत्रका विविध विद्यमान व्यापार सम्झौतामा भएका उत्पत्तिका नियमलाई मिलाएर यो सम्झौताले मध्यवर्ती (इन्टरमिडिएट) उत्पादनको एकल बजार सिर्जना गरेको छ । यसले धेरै देश संलग्न जटिल आपूर्ति शृंखलाहरूमा नियामक अवरोधहरूलाई सहज बनाएको छ । साथै, अधिकांश अल्टासियन देश अमेरिकी पहलको इन्डो-प्यासिफिक इकोनोमिक फ्रेमवर्कका सदस्य छन् । यसैगरी क्यानडा, मेक्सिको र थुप्रै दक्षिण अमेरिकी देश सामेल रहेको कम्प्रिहेन्सिभ एन्ड प्रोग्रेसिभ एग्रिमेन्ट फर ट्रान्स-प्यासिफिक पार्टनरसिप (सिपिटिपिपी) मा ब्रुनाई, जापान, मलेसिया, सिंगापुर र भियतनाम पनि संलग्न छन् ।

दशकौँदेखि दक्षिण-पूर्वी एसियामा आपूर्ति शृंखला निर्माण गरिरहेका जापानी कम्पनीको सौजन्य अल्टासियन अर्थव्यवस्थाका लागि एक मोडेलका रूपमा अहिले नै उपलब्ध छ । हालसालै दक्षिण कोरियाले जापानकै उदाहरण पछ्याएको छ । ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, फिलिपिन्स, सिंगापुर, थाइल्यान्ड, भियतनाम, म्यानमार र बंगलादेशसमेत गरी सन् २०२० मा दक्षिण कोरियाली कम्पनीहरूको कुल प्रत्यक्ष लगानी ९६ अर्ब डलर पुगेको थियो । यो चीनमा भएको कोरियन लगानीभन्दा थोरैले मात्र कम हो । एक दशकअघिसम्म चीनमा कोरियाका कम्पनीहरूको लगानी अल्टासियामा भन्दा झन्डै दोब्बर ठूलो थियो । अहिले, सामसुङ भियतनामको सबभन्दा ठूलो विदेशी लगानीकर्ता भएको छ । गतवर्ष दक्षिण कोरियाली कार निर्माता हुन्डाईले विद्युतीय सवारी बनाउन आफ्नो पहिलो आसियान फ्याक्ट्री इन्डोनेसियामा खोलेको छ ।

अहिले धेरैभन्दा धेरै गैरअल्टासियन कम्पनीले यो क्षेत्रमा आँखा लगाइरहेका छन् । एप्पलका लागि ग्याजेटहरू एसेम्बल गर्ने फक्सकन, पेगाट्रोन र विस्ट्रोनलगायत ताइवानी कम्पनीले भारतीय कारखानामा ठूलो लगानी गरिरहेका छन् । भारतमा निर्मित आइफोनको हिस्सा गत वर्षसम्म २० मा एक अर्थात् पाँच प्रतिशत रहेकोमा सन् २०२५ सम्ममा चारमा एक अर्थात् २५ प्रतिशत पुग्ने अनुमान गरिन्छ । ताइवानका दुई विश्वविद्यालयले भारतीय कामदारलाई इलेक्ट्रोनिक्स कोर्स प्रदान गर्न उच्च प्रविधियुक्त म्यानुफ्याक्चरिङमा महत्वाकांक्षी योजना बनाइरहेको भारतीय समूह टाटासँग सहकार्य थालेका छन् । गुगलले आफ्नो स्मार्टफोन 'पिक्सेल'को आउटसोर्स उत्पादनलाई चीनबाट भियतनाम स्थानान्तरण गर्दै छ ।

चीनको विशाल म्यानुफ्याक्चरिङ बेस अन्य कुनै एकल देशले उपलब्ध गराउन सक्दैन । तर, एसियाका सम्भावना भएका अर्थतन्त्रलाई एकसाथ राखेर हेर्दा यसको विशाल विकल्प प्रस्तुत हुन्छ । जापानको होक्काइडोदेखि दक्षिण कोरिया, ताइवान, फिलिपिन्स, इन्डोनेसिया, सिंगापुर, मलेसिया, थाइल्यान्ड, भियतनाम, कम्बोडिया र बंगलादेश हुँदै भारतको उत्तर-पश्चिम गुजरातसम्म फैलिएको अल्टासिया नै चीनको विकल्प हुन सक्छ ।

अधिक परिस्कृत विशेषगरी भूराजनीतिक रूपले मारमा परेको सेमिकन्डक्टरको म्यानुफ्याक्चरिङ पनि अल्टासियातर्फ सर्दै छ । मलेसियाले मूल्यको हिसाबमा विश्वको लगभग १० प्रतिशत चिप्स निर्यात गर्छ, जुन अमेरिकाको भन्दा बढी हो । इन्टिग्रेटेड सर्किटहरूको विश्वव्यापी निर्यातमा चीन (१८ प्रतिशत)लाई उछिन्दै आसियान मुलुकहरूको हिस्सेदारी २५ प्रतिशतभन्दा बढी पुगेको छ र यो अन्तर बढ्दो छ ।

चिप्स निर्माण गर्ने कम्पनीहरूलाई माइक्रोप्रोसेसरका डिजाइन बेच्ने अमेरिकाको 'फ्याबलेस चिपमेकर' क्वालकमले सन् २०२० मा आफ्नो पहिलो अनुसन्धान तथा विकास (आरएन्डडी) केन्द्र भियतनाममा खोल्यो । सामसङजस्ता जायन्ट कम्पनीको स्वामित्व रहेका भियतनामका चिप फ्याक्ट्रीहरूको आम्दानी सन् २०२०-२०२२ को बीचमा तीन गुणाले बढेको छ । यसै महिनाको सुरुआतमा होची मिन्ह सहरको स्थानीय सरकारले इन्टेलबाट तीन अर्ब ३० करोड डलर लगानी भित्रिन लागेको सार्वजनिक गरेको छ ।

चीनको ठूलो सबलता पर्याप्त पूर्वाधारसहितको उसको विशाल एकल बजार हो । यहाँ आपूर्तिकर्ता, कामदार र पुँजीले राष्ट्रिय सीमा पार नगरीकनै मूल्य थप्न (भ्यालु एड) सक्छन् । त्यसैले अल्टासियाले चीनलाई साँच्चै टक्कर दिन आफ्नो आपूर्ति शृंखलालाई अझ बढी एकीकृत र किफायती बनाउन आवश्यक छ ।

हुन त आरसिइपीले अन्तर-अल्टासियन व्यापार एवं वाणिज्यका चक्कालाई केही हदसम्म सहज बनाएको छ, तर सामानहरूको प्रवाहले यहाँ अझै पनि चीनभित्रभन्दा बढी अवरोधहरूको सामना गर्नुपर्छ । सदस्य राष्ट्रहरूले आफ्नो तुलनात्मक लाभको उपयोग गर्नुपर्छ । अहिलेका लागि उनीहरूलाई जोड्ने पूर्वाधारहरू खराब छन् । बढी नै प्रक्रियावादी नियमका साथै राष्ट्रिय महत्वाकांक्षाले वैकल्पिक आपूर्ति शृंखलालाई सजिलै निकम्मा बनाइदिन सक्छन् । अल्टासियाका विपन्न मुलुक श्रमको तार्किक विभाजनमा पनि उत्सुक छैनन् ।

चीनमा निर्मित पार्टपुर्जालाई परित्याग गरिहाल्न अर्को कठिनाइ छ । अमेरिकी विद्युतीय बाइक स्टार्टअप थेमलेभले अमेरिकी सरकारको २५ प्रतिशत महसुलबाट बच्न सन् २०२२ बाट आफ्नो उत्पादन चीनबाट मलेसिया स्थानान्तरण गर्‍यो, तर उसलाई अझै पनि चिनियाँ पार्टपुर्जा नभई हुँदैन । नतिजा, उसका इ-बाइक अमेरिकी राइडरहरूसमक्ष पुग्न एक महिना अधिक समय लाग्छ ।

अल्टासियाभित्रै र पश्चिमको उपभोक्ता बजारबीच पनि सघन एकीकरणका सम्भावना अझै मधुरो देखिन्छन् । भारतको एक अर्ब ४० करोड जनतामाथि अल्टासियाको भविष्य निर्भर हुन सक्छ, तर उसलाई आरसिइपीको हिस्सा बन्न कुनै हतारो छैन । भारतले अन्य अल्टासियन छिमेकीहरूसँगै अमेरिकाको इन्डो-प्यासिफिक फ्रेमवर्कमा हस्ताक्षर गरेको भए पनि ऊ यसका व्यापार प्रावधानबाट भने बाहिर नै बसेको छ । अमेरिका संरक्षणवादी मुडमा छ । उसले कुनै महसुल कटौती र आफ्नो विशाल बजारमा राम्रो पहुँच प्रदान गर्दैन । सबैभन्दा खट्किएको यही छ । आसियानका एक नीति निर्माणकर्ता यो परिदृश्यलाई डुनोटसँग तुलना गर्छन्, जसको बीचमा कुनै चिजको अभाव छ ।

अल्टासियाले चीनलाई चाँडै प्रतिस्थापन गरिहाल्दैन । उदाहरणका लागि पानासोनिकले जनवरीमा आफ्नो चिनियाँ सञ्चालन (कारखानाहरू)मा ठूलो खर्चको योजना सार्वजनिक गरेको छ । तर, समयक्रमसँगै चीन विदेशी म्यानुफ्याक्चररका लागि कम आकर्षक हुँदै जाने सम्भावना भने छ । अब चिनियाँ श्रमिक सस्तोमा पाइनेछैनन् भने उसका स्नातकहरूको संख्या पनि पर्याप्त छैनन् । साथै, व्यवहारमा चीनमाथिको निर्भरता कम गर्न सिपिटिपिपीका सदस्यलगायत मित्रराष्ट्रहरूसँग घनिष्ट सम्बन्ध आवश्यक रहेको अमेरिकाले अझै महसुस गर्न बाँकी नै छ । अमेरिकाले सन् २०१७ मा सिपिटिपिपीबाट हात झिकेपछि सहकार्य र घनिष्ट सम्बन्धको सम्भावना कमजोर भएको छ । तर, चीनको उदीयमान विकल्पमा अल्टासियाको अर्को बराबरी भने छैन ।

- द इकोनोमिस्ट

प्रेरक

## जगविनाको घर

भगवान् बुद्धको पालामा कुनै एक सहरमा मूर्त र अमूर्त नामका व्यापारी बस्थे । ती दुवैलाई आआफ्नो धनको ठूलो घमन्ड थियो । एक दिन कुनै काम विशेषले मूर्त अमूर्तको घर पुगे । अमूर्तको तीनतले घर निकै वैभवशाली देखिन्थ्यो । २५ सय वर्षअघि तीनतले घर हुनु सम्पन्नताको पराकाष्ठा नै मानिन्थ्यो । अमूर्तको तीनतले घर देख्दा मूर्तको मन साह्रै खुम्चियो । उनले आफूले पनि त्यस्तै घर बनाउने अठोट गरे । उनले अमूर्तको घर निर्माण गर्ने वास्तुकारलाई बोलाए र आफ्नो पनि त्यस्तै घर छिटोभन्दा छिटो तयार गर्न आदेश दिए । वास्तुकारले पनि आफ्नो ज्यालाको विषयमा सहमति गराएर मूर्तको आदेशअनुसार घर निर्माण गर्न स्वीकृति जनाए ।

भोलिपल्टैदेखि काम सुरू भयो । वास्तुकारका सहयोगीले घरको जग राख्नका लागि निकै गहिरा–गहिरा खाडल खन्न् थाले । घर निर्माणको निरीक्षण गर्न आइपुगेका मूर्त ती गहिरा खाडल देखेर छक्क परे । उनले सोधे- वास्तुकारजी, यति गहिरा खाडल किन खनिँदै छन् यहाँ ? वास्तुकारले जवाफ दिए- तपाईंले बताएअनुसार तीन तलाको अग्लो घर बनाउन त त्यसैअनुसार बलियो जग हाल्नुपर्छ नि महाशय ! त्यसैले यी खाडल खनिँदै छन् ।

अब यहाँ हामी सबैभन्दा पहिले मजबुत जग हाल्छौं । त्यसपछि क्रमशः पहिलो, दोस्रो र तेस्रो तला बनाउँछौं । वास्तुकारको भनाइ सुनेर मूर्तले भने- मलाई यस्तो सब प्रक्रियासित मतलब छैन । मलाई त जगसग केही चाहिँदैन । सीधै तेस्रो तला बनाए भइगयो नि ! मूर्तको यस्ता उटपट्याङ कुरा सुनेर वास्तुकारले हाँस्दै भने- बलियो जग नहाली, पहिलो र दोस्रो तला नबनाई तेस्रो तला बनाउन सकिँदैन । वास्तुकारको भनाइ सुनेपछि मूर्तले भने- तिमीले बनाउन सक्दैनौ भने म अर्को वास्तुकारबाट मेरो घर बनाउँछु । तिमी काम छाडेर जान सक्छौ । मूर्तको कुरा सुनेपछि वास्तुकार काम छाडेर हिँडे ।

त्यस सहरका कुनै पनि वास्तुकारले मूर्तले भनेजस्तो घर बनाउन सकेनन् । त्यसैले, उनको घर कहिल्यै बन्न् सकेन । कुनै पनि ठूलो काम सुरू गर्दा सबैभन्दा पहिला त्यसको मजबुत जग बनाउनु जरूरी छ भन्ने बुझ्न नसक्दा मूर्तले अमूर्तको जस्तै सुन्दर, भव्य र ठूलो घर बनाउने सपना पूरा गर्न पाएनन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । छोटो समयमा राम्रो उपलब्धि हात पार्न सफल भइनेछ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।

### वृष

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । नयाँ काम प्रारम्भ हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

### मिथुन

पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ र सहयोगीहरू भेटिनेछन् । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । विदेश भ्रमणमा जाने योग आउनेछ । मनमा खुसीले डेरा जमाउनेछ ।

### कर्कट

फजुल खर्च बढ्नेछ भने बेलैमा होस नपुग्नाले अर्थ अभाव देखापर्न सक्छ । समय दिन नसक्दा काम रोकिनेछ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । अरूको करकापमा परी आफ्नो मान्यता विपरीतको काम गर्नुपर्ने अवस्था आउन सक्छ । आफन्तबाट पनि टाढिनुपर्ला । कुरा काट्नेहरुको कमी हुने छैन ।

### सिंह

मिहिनेतले राम्रो परिणाम दिलाउनेछ । तारिफयोग्य काम गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । कृषि, पशुपालनमा आदिमा फाइदा हुनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । भविष्यका लागि नयाँ काममा जग बसाउने अवसर जुट्नेछ ।

### कन्या

मेहनत गर्दा भाग्योन्नतिको समय छ । सामुदायिक तथा सेवामूलक कामले पद-प्रतिष्ठा दिलाउन सक्छ । सामाजिक उत्तरदायित्व हातपार्न सकिनेछ । रोकिएको कामले पनि निकास पाउनेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । शक्तिको धाक देखाउनेहरू स्वतः निहुरिनेछन् । मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

### तुला

उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । स्वास्थ्य कमजोर रहे पनि कामको चाप बढ्नेछ । परिबन्धले केही समस्या निम्त्याउन सक्छ । पहिलेको समस्या सुल्झाउन पनि निकै परिश्रम गर्नुपर्ला । सहयोग गर्नेहरू कमै भेटिनेछन् । धेरै लगानी गर्दा थोरै फाइदा हुनेछ । ठूलो उपलब्धि नभए पनि पहिलेको साख जोगाउन सकिनेछ । नयाँ काममा भने केही अलमल हुनेछ ।

### वृश्चिक

अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । अवसरका लागि केही त्याग गर्नुपर्ला । समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ । विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला । पहिलेका कमजोरीमा क्रमशः सुधार आउनेछ । मनमा चिन्ता बढ्नेछ । आफन्तजनहरुले तपाईंको कमजोरीको फाइदा उठाउने छन् ।

### धनु

व्यापार र पेसामा राम्रै फाइदा हुनेछ । रमाइलो यात्रा हुनुका साथै स्वादिष्ट खानपानको समेत आनन्द प्राप्त हुनेछ । बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने समय छ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । दिगो फाइदा हुने योजना समेत कार्यान्वयन गर्न सकिनेछ ।

### मकर

छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन् । स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ ।

### कुम्भ

मन मिल्ने साथीभाइ भेटिए पनि वादविवादले सम्बन्ध कमजोर बनाउन सक्छ । तापनि, कामको चापबाट फुर्सद पाइनेछ । विभिन्न सहयोग र उपहार हातलागी हुनेछन् । तर, गलत व्यक्तिको विश्वास गर्दा काम रोकिन सक्छ । पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला । विशेष उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । अध्ययनमा धेरै समय जुट्न नसकिएला ।

### मीन

हतारमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ । अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला । आफ्नो कमजोरी बाहिरिनाले आलोचकहरू बढ्न सक्छन् । परिस्थितिवश नियमित काम अधुरो रहला । बेसुरमा थालेको काम बिग्रन सक्छ । नतिजा कमजोर देखिनाले काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । तत्कालको फाइदा हेर्दा लाभांश गुम्न सक्छ ।

# निःशुल्क स्वास्थ्य शिविर




काठमाडौं । डा. ईवामुरा मेमोरियल अस्पताल अरनिको मेनेजमेन्ट ग्रुप भक्तपुर सल्लाघारीको समन्वय तथा NNCTR बनेपा एवं मेलम्ची नगर स्वास्थ्य कार्यालय र नौलिङ्ग स्वास्थ्य सेवा केन्द्र मूलखर्क मेलम्चीको सहकार्यमा गत फागुन ६ गते मूलखर्कमा बृहत निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । सोही दिनको बिहान ८ बजेदेखि अपरान्ह ३ बजेसम्म सञ्चालन भएको उक्त स्वास्थ्य शिविरमा १७५ जना बिरामीहरूले सेवा लिनु भएको थियो ।

त्यसैगरी फागुन ७ गते हेलम्वु स्वास्थ्य कार्यालयसँगको समन्वयमा हेलम्वु गाउँपालिकाको इचोक स्वास्थ्थ चौकीमा बिहान ९ बजेदेखि बेलुकी ४ बजेसम्म सञ्चालन गरिएको स्वास्थ्य शिविरमा २६१ जना बिरामीहरूको स्वास्थ्य परीक्षण गरिएको थियो । सो अवसरमा दुबै क्षेत्रका बिरामीहरूलाई निःशुल्क औषधि समेत वितरण गरिएको थियो । उक्त स्वास्थ्य शिविरहरूमा डा. प्रविण मिश्र, डा. अशोककुमार शाह, हेल्थ असिस्टेन्टहरू रितेश ठाकुर तथा विकल पाकाको टोलीले विभिन्न रोगहरूको परीक्षण गरेको थियो । सो कुरा डा. ईवामुरा मेमोरियल अस्पतालका सुपरभाइजर लोकेन्द्र बिष्टले जानकारी गराउनुभएको थियो ।

# सिप सम्मेलन तथा कृषि मेलाका लागि छलफल



काठमाडौं । बूढानीलकण्ठ नगरपालिकाले सिप सम्मेलन तथा कृषि मेलाका बारेमा सरोकारवालाहरूसँग छलफल गरेको छ । नगरपालिकाभित्र रहेका स्थानीय महिला दिदीबहिनीहरूले उत्पादन गरेका सामग्रीहरू मेलामा प्रदर्शन गर्न सकिने भनिएको छ । नगरपालिकाभित्र कुन कुन क्षेत्रका सीपहरू छन् र ती सीपहरूलाई कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने अपेक्षा मेलाबाट गरिने भएको छ ।

नगरपालिकाले चैत्र ३ र ४ गते सीप सम्मेलन तथा कृषि मेला गर्ने योजनासहित गरिएको छलफलमा विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व रहेको थियो । नगरपालिकाले आफ्नै नगरपालिकाभित्र उद्यमशिलता प्रवर्द्धन गर्दै आफ्नै उत्पादनमा निर्भर हुने वातावरण तयार गर्न खोजेको पाइन्छ । यस मेलाले परनिर्भरता होइन, आत्मनिर्भरतासहितको रोजगार सिर्जनामा थप टेवा पुग्ने विश्वास गरिएको छ ।

महिलाहरूले आफ्नै पहलमा उत्पादन गरेका अचार गुन्द्रुकलगायतका खाद्यान्न सामग्री मेलामा प्रदर्शन गर्न सकिने र यसरी प्रदर्शन गर्दा सामग्रीहरूको बजारीकरण गर्नसमेत सहज हुने अपेक्षा गरिएको छ । उत्पादन र बजारबीचको कनेक्सनमा नगरपालिकाको भूमिका महत्वपूर्ण हुनेबारे पनि कार्यक्रममा छलफल गरिएको छ । नगरपालिकाले आफ्नै उत्पादन आफ्नै बजार आफ्नै रोजगार आफ्नै उद्यमशिलता आफ्नै सिपलाई प्रवर्द्धन गर्ने कुरालाई लक्षित गरी कार्यक्रमको खाका तयार गरेको कुरा नगर उपप्रमुखबाट आएको छ । सीप सम्मेलन तथा कृषि मेलाको मुख्य उद्देश्य प्रष्ट्याउँदै नगर उपप्रमुखले नगरपालिकाले कस्तीमा आफ्नो नगरपालिकालाई अगाडि बढाउनका लागि नगरभित्र भएका सीप र उत्पादनको क्षेत्र पहिचान गर्नु पहिलो दायित्व रहेको कुरामा जोड दिनुभएको छ ।

बूढानीलकण्ठ नगरपालिकालाई समृद्धिको यात्रामा लैजान सबैको दायित्व एवं भूमिका उत्तिकै गहन रहने भएको हुनाले सोहीअनुसार तपाईं हामीले जिम्मेवारी पूरा गर्नुपर्छ नगरउपप्रमुखको भनाइ थियो । सीप दिनेभन्दा पनि कुन क्षेत्रमा कुन सीप छ भन्ने पहिचान भएको खण्डमा नगरपालिकाले उक्त सीपको प्रयोग गर्न सक्ने कुरा पनि छलफलमा आएको छ । सीप सम्मेलन तथा कृषि मेलाको व्यापक प्रचारप्रसार गर्दै सबै नगरवासीको साथ र सहयोग रहने विश्वास गरिएको कुरा नगरका शिक्षा शाखा प्रमुखले बताउनुभएको छ ।

सीप सम्मेलन तथा कृषि मेलामा सहभागी भएर स्टल राख्ने दिदीबहिनीहरूले सूचना प्रकाशनपछि नगरपालिकामा आएर फारम भरी बुझाउनुपर्ने र उक्त फारमको शुल्क रु. १००।– लाग्ने कुरा नगरभित्रको कृषिशाखाले बताएको छ । नगरपालिकाभित्र रहेका ससाना घरेलु उद्यमहरूबाट पनि रोजगार सिर्जना हुने प्रक्षेपणसहितको कार्यक्रम भएको हुनाले पनि कार्यक्रमलाई भव्य र सभ्य बनाउने सबैको जिम्मेवारी रहेको कुरा छलफलमा सहभागी जनप्रतिनिधिहरूले बताए । सीप सम्मेलन तथा कृषि मेलाबाट पहिचान भएका सीप र घरेलु उद्यमशिलतालाई रोजगार सिर्जनाको पहिलो आधार मान्न सकिने कुरामा नगरपालिकाले पूर्ण रुपमा विश्वास गरेको छ ।

# वर्षको उत्कृष्ट कृति "महाभारा"

काठमाडौं । जयेन्द्रप्रसाद प्रसाईं साहित्य सेवा कोषले पत्रकार एवं लेखक बसन्त बस्नेतको पुस्तक 'महाभारा' लाई वर्षोत्कृष्ट कृतिका रुपमा छनौट गरेको छ । कोषका अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा बुधबार बसेको बैठकले २०७८ सालमा प्रकाशित कृतिहरूमध्ये बस्नेतद्वारा लिखित 'महाभारा' लाई उत्कृष्ट कृतिका रुपमा छनौट गर्दै पुरस्कृत गर्ने निर्णय गरेको हो । पुरस्कारको राशि जनही २५ हजार नगदसहित सम्मानपत्र रहेको संस्थाका महासचिव छविलाल खतिवडाले जानकारी दिए । यस्तै कोषले दिने विष्णुचन्द्र पद्मा विशेष प्रतिभा पुरस्कार कलाकार तथा प्राज्ञ पवन राजवंशीलाई प्रदान गर्ने निर्णय भएको छ । बैठकले धनमाया सक्रिय महिला पत्रकारिता पुरस्कारबाट ग्यालेक्सी टेलिभिजनमा कार्यरत सिर्जना घिमिरेलाई पुरस्कृत गर्ने निर्णय गरेको छ ।

यसै वर्षदेखि स्थापना गरिएको फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिलाई प्रदान गरिने पुरस्कारबाट दृष्टिविहीन शिक्षक चन्द्रप्रसाद भट्टराईलाई प्रदान गर्ने निर्णय गरेको छ । यसै वर्षदेखि वितरण गर्न लागिएको फरक क्षमता भएका व्यक्तिलाई प्रदान गरिने पुरस्कारको राशि नगद ११ हजारसहित सम्मान पत्र रहेको छ ।

उत्कृष्ट कृति तथा प्रतिभा छनौटका लागि कृतितर्फ कोषका उपाध्यक्ष विष्णुकुमार भट्टराईको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको थियो भने बिष्णुचन्द्रमपद्मा बिशेष प्रतिभा पुरस्कारका छनौटका लागि कोषका अध्यक्ष प्रसाई संयोजक रहेको समिति थियो । धनमाया सक्रिय महिला पत्रकारिता पुरस्कार छनौटका लागि लोकराज ढकाल र फरक क्षमता भएका व्यक्तिका लागि प्रदान गरिने पुरस्कार छनौटका लागि खिलप्रसाद शिवाकोटीको संयोजकत्वमा समिति बनाइएको थियो । पुरस्कार फागुन ६ गते विशेष कार्यक्रमको आयोजना गरी प्रदान गरिने संस्थाले जनाएको छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Nonplus = नसोचेको व्यवहार प्रदर्शन गरी अरूलाई बोल्न नसक्ने पारिदिनु His dealing full of rudeness nonplussed all the invities joining the party उसको छुद्र व्यवहारले भोजमा आएका सबैलाई बोल्नु न नबोल्नु पारिदियो ।

Nondescript = खुट्याउन नसक्ने साधारण Being a nondescript, nobody believes that he could be a detective सादा किसिमले आफूलाई प्रस्तुत गर्ने हुँदा ऊ जासुस होला भनेर कसैले विश्वास गर्दैनन् ।

Outskirts = सहरभन्दा बाहिर As he lives on the outskirts, he is not much aware of the activities carried-out in the city center सहरभन्दा बाहिरफेर बस्ने हुँदा सहरमा भएका क्रियाकलापप्रति ऊ अनभिज्ञ छ ।

Porous= प्वाल भएको Dancers prefer to wear porous clothing for easy paasage of air during dancing नाच्दाखेरि शरीरमा हावा खेल्न पाई छिट्टै पसिना नआउने हुँदा नर्तकीहरू प्वाल भएको लुगा लगाउन मनपराउँछन् ।

Quarantine = रोग सर्ला भनी छुट्टै राख्ने प्रथा The quarantine operating in the frontier did not allow the import of infected buffaloes सीमामा रहेको रोगी वस्तु जाँच गर्ने कार्यालयले रोगी राँगाहरूको आयातलाई अनुमति दिएन ।

Rusticate = गाउँतिर पठाइदिनु As they are very much fond of the city life I do not think that they can rusticate easily सहरमा बस्न मनपराउने भएको हुँदा तिनीहरू गाउँमा बसाइँ सर्लान् भन्ने मलाई लाग्दैन ।

Stigma = लज्जाजनक अनुभूति There is less stigma attached to corruption now than there used to be पहिले भ्रष्टाचारभन्दा जति लज्जाजनक मानिन्थ्यो आजकाल मानिँदैन ।

Tureen = सुप, झोल खाने गहिरो कचौरा Chinese people serve soup in porcelain tureen चिनियाँहरूले चिनिया माटोले बनेको गहिरो कचौरामा सुप दिन्छन् ।

Unsullied = वेदाग Even after resigning from the post, he was happy because his fame was unsullied जागिरबाट राजिनामा गरिसकेपछि पनि उसको प्रख्यातीमा कुनै दाग लागेन ।

Vortex= भूँवरी Drawn into the vortex of politics, he does not know the charm of life राजनीतिको भूँवरीमा परेको कारण, ऊ पारिवारिक जीवनको मिठासबाट अनभिज्ञ छ ।

# Change बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Change from something to something = केही छोडेर केही लिनु From here we havr to change from car to bus यहाँबाट हामीले कार छोडी बस लिनुपर्छ ।

Change out of something into = फुकालेर..... लगाउनु Go and change out of those damp clothes into dry जाउ भिजेको लुगा फुकालेर सुकेको लगाउ ।

Change something for/ into something = साटनु I need to change my dollars into Nepalese Rupees मलाई डलर रुपैयाँमा साट्नु छ ।

Change hand = बेच्नु This house has changed hands several times यो घर धेरै पटक बेचिइसकेको छ ।

Change one's mind = आफ्नो विचार बदल्नु Nothing can change my mind कुनै पनि कुराले मेरो विचार बद्लिन सक्तैन ।

Change places = सर्नु This month we change our place यो महिना हामी सर्ने छौं ।

Change one's spots = बानी बदल्नु If you are honest do not try to change your spots यदि तिमी इमान्दार छौ भने तिम्रो बानी बदल्ने कोसिस नगर्नु ।

Change step = ढाँचा बदल्नु Change your step if you want to adjust with circumstances यदि तिमी परिस्थितिसँग घुलमिल हुन चाहन्छौ भने आफ्नो ढाँचामा परिवर्तन गर ।

Change over...... to = मा फर्कनु It is difficult to change to Monarchy again राजतन्त्रमा फर्कन सम्भव छैन ?

Change back into = पुरानै अवस्थामा फर्कनु It is not possible to change back into childhood वालापनमा फर्कन सम्भव छैन ।

## सुडोकु–अंक २९१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | | | | ८ | |
| १ | | | | २ | ८ | | | |
| | २ | | | १ | | ३ | ६ | ४ |
| | | | | | ५ | | | २ |
| ३ | | | | ६ | | | | ९ |
| ४ | | | ७ | | | | | |
| ७ | ८ | १ | | ३ | | | २ | |
| | | | ८ | ९ | | | | ३ |
| | ४ | | | | २ | | | |

## अंक २९० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ८ | ७ | ३ | १ | ६ | २ | ५ | ४ |
| ५ | २ | ६ | ७ | ८ | ४ | ३ | ९ | १ |
| ३ | १ | ४ | २ | ९ | ६ | ७ | ८ | ६ |
| ६ | ४ | ३ | ५ | ७ | १ | ९ | २ | ८ |
| १ | ९ | २ | ८ | ६ | ३ | ५ | ४ | ७ |
| ८ | ७ | ५ | ९ | ४ | २ | ६ | १ | ३ |
| ७ | ३ | १ | ४ | ५ | ९ | ८ | ६ | २ |
| २ | ६ | ९ | १ | ३ | ८ | ४ | ७ | ५ |
| ४ | ५ | ८ | ६ | २ | ७ | १ | ३ | ९ |

# Fashionable trolleybuses of the make by the DPRK



Fashionable trolleybuses of the make by the DPRK working class are now running bumper-to-bumper along the streets of Pyongyang, gracing the scenic beauty of the city.

The latest trolleybuses manufactured in a diversified way to meet the modern aesthetic tastes and to beautify the city's scenery are filled with the love and dedication of the respected Comrade Kim Jong Un who devoted himself to providing the Pyongyang citizens with an easy access to the urban transport system, regardless of the bitter coldness of the winter night of February 2018.

The respected Comrade Kim Jong Un, who was always heavy in his heart at the sight of the citizens who had inconvenience of waiting in a bus queue in sizzling summer days and in wintry days, thought about improving the traffic problem for the citizens without delay.

It is from this thought that he decided to make a new type of trolleybus relying on our working class. He first gave clear and detailed direction and solution to modernizing the Pyongyang trolleybus factory, and solved all the issues that came up during its construction.

Upon receiving the report that the factory had got into the swing of production after its modernization, he was so pleased that he personally visited the production site in late January 2018. He acquainted himself in detail with the new type of trolleybus made at the factory, including its performance and fittings.

On this day, the respected Comrade Kim Jong Un left a teaching that the trolleybus, which is the main means of passenger transportation, should be made in such a way as to represent Pyongyang city by improving the blueprint and design of the trolleybus and making the mark distinguished. He also told the officials to paint the trolleybus in modernity and make each of the fittings be fitted with the people's requirements lest they do not feel any inconvenience in its usage.

The respected Comrade Kim Jong Un was so busy looking after all the affairs of the state, big and small, but came to the courtyard of the People's Palace of Culture at the cold windy night in February to have a test drive of the new factory-made trolleybus, saying that although he had a look at the new-type trolleybus a few days ago he wasn't sure about its performance only by looking at its appearance.

While being aboard the bus with accompanying officials, the respected Comrade Kim Jong Un examined for any defects, putting himself in the shoes of people. Then he expressed satisfaction over the good technical status of the bus as a whole, saying that the interior and fittings are improved in their quality and cultural level and that it makes little noise and vibration while running and picks up a fine speed.

Saying that it would look nice and people will be so pleased when trolleybuses made by our working class are running along streets, the respected Comrade Kim Jong Un stated that we must not rest on our laurels but continue to technically refine, perfect and upgrade the production process, and set out new goals and detailed measures for its realization.

There are many state leaders in the world, and not a few politicians profess to work for the people. However, there has never been a great person like the respected Comrade Kim Jong Un who carefully examined every detail of a trolleybus that would be used by the people with the parental care for children.

That is why the entire people of our country are calling him the leader of people and expressing gratitude over and over to the respected Comrade Kim Jong Un who pours affection and love into every creation with the heart of a parent who gives present to his own children.

# Pyongyang to Be More Beautiful and Magnificent



Groundbreaking ceremony held on February 15 for the second-stage construction in the Hwasong area for building 10 000 flats

On February 15, the groundbreaking ceremony for the second-stage project in the Hwasong area for building another 10 000 flats in 2023 was held in Pyongyang in the presence of Kim Jong Un, President of the State Affairs of the Democratic People's Republic of Korea.

At its Eighth Congress in January 2021, the Workers' Party of Korea adopted a decision to build 50 000 flats in Pyongyang from 2021 to 2025 with 10 000 each year. According to this decision, 10 000 flats were builtin the Songsin and Songhwaarea between March 2021 and April 2022 to form a new modern street,and the first-stage construction in the Hwasong area which started in February 2022 is nearing completion.

When the second-stage housing construction in the Hwasong area, which is the third year's task of the project of building 50 000 flats in Pyongyang, is completed, the area will be turned into a beautiful and magnificent area, in which the people-first principle of the WPK is thoroughly embodied and the formative and artistic features is combined with modern civilization.





Part of an artist's impression of the apartment houses to be built in the Hwasongarea on the secondstage

# A New "FarmTown"To Be Built in Pyongyang






Groundbreaking ceremony held in the Kangdong area of Pyongyang in February for the construction of the Kangdong Greenhouse Farm

February 15 saw the groundbreaking ceremony for the construction of the Kangdong Greenhouse Farm in the Kangdongarea in the suburb of the capital city of Pyongyang. Kim Jong Un, President of the State Affairs of the Democratic People's Republic of Korea,broke groundat the ceremony.

Kim Jong Unhad long conceived a plan for building a modern large-scale greenhouse farm so as to provide the Pyongyang citizens with sufficient amounts of fresh vegetables all year round.

It will not be long before the area is turned into a new "farm town" which showcases the Workers' Party of Korea's far-reaching plan of rural revolution and the level of modern civilization which the country aspires to.



Part of an artist's impression of the large-scale Kangdong Greenhouse Farm

## इलन...

आर्नल्टको कुल सम्पत्ति १८५.३ अर्ब डलर थियो। गत वर्ष टेस्लाको सेयर भाउ निरन्तर ओरालो लाग्नुका साथै विवादास्पद ट्विटर खरिद प्रकरणले मस्कलाई धनीको सूचीमा दोस्रो स्थानमा खसालेको थियो। यो वर्ष टेस्लाको सेयर मूल्य ७० प्रतिशतले बढेपछि मस्क पुनः सर्वाधिक धनी बनेका हुन्। गत नोभेम्बर र डिसेम्बरको बीचमा टेस्लाका मालिकको कुल सम्पत्तिमा २ सय अर्ब डलरले गिरावट आएको थियो, यसलाई पछिल्लो समयको सबैभन्दा ठूलो नोक्सानीका रूपमा लिने गरिएको छ।

गत वर्ष ४४ अर्ब डलरमा खरिद गरिएको ट्विटरले दैनिक ४० लाख डलर गुमाइरहेको मस्कले नोभेम्बरमा ट्विटमार्फत बताएका थिए। यी सबैमाझ उनले खर्च कटौतीका लागि ट्विटरका ३७ सय कर्मचारीलाई कम्पनीबाट निकालिदिए। हालै मात्र ट्विटरले आठौं पटक कर्मचारी निष्कासनमा ५० जनालाई कामबाट निकालेको थियो।

ब्लुमबर्गको बिलिनियर्स इन्डेक्समा हाल मस्क पहिलो नम्बर, आर्नल्ट दोस्रो, जेफ बेजोस तेस्रो, बिल गेट्स चौथौ र वारेन बफेट पाँचौं स्थानमा छन्। भारतका गौतम अडानी ३२ औं स्थानमा झरेका छन्। अमेरिकी इन्भेस्टमेन्ट रिसर्च कम्पनी हिन्डेनबर्गको रिपोर्ट आउनुअघि ब्लुमबर्ग इन्डेक्समा उनी विश्वका चौथो धनी व्यक्ति थिए। अडानीका कम्पनीहरूको हिसाबकिताब गडबडी तथा चलखेलबाट सेयर मूल्य उचालेको सम्बन्धमा हिन्डेनबर्गले अघिल्लो महिना एउटा विस्तृत प्रतिबेदन सार्वजनिक गरेको थियो। अडानीले २०२२ मा ४० अर्ब डलरले आफ्नो सम्पत्ति बढाएका थिए।

## पेट्रोलियम...

घटेर आए पनि निगमले स्थानीय बजारमा भने मूल्य यथावत राख्ने भएको छ। हाल नेपाली बजारमा पेट्रोलको मूल्य प्रतिलिटर १७८ र डिजेलको मूल्य प्रतिलिटर १७५ रूपैयाँ कायम छ। पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा माग र उत्पादन कटौतीले पेट्रोलियम पदार्थको मूल्य घटबढ भइरहेको छ।

## वीरहरूका...

थापाबीचको वार्तापछि एक समझदारी पत्रमा हस्ताक्षर गर्ने गरी युद्ध रोकियो। सुगौली सन्धिले नेपालको पूर्वतर्फको मात्र सिमाना स्पष्ट गरेको छ। दक्षिण सिमानाबारे सन्धिमा टिस्टादेखि महाकालीबीचको तराई सम्पूर्ण भूभाग भन्ने उल्लेख मात्र पाइन्छ। तर तराईमा नेपाल कहाँसम्म हो भन्नेबारे कुनै किटानी गरिएको छैन। उक्त सन्धिमा पश्चिम सिमानाबारे जे कुरा उल्लेख छ, त्यसले स्पष्टता होइन, झन अन्यौल पैदा गर्छ।

सुगौली सन्धिको पाँचौं धारामा नेपालको महाकाली पश्चिमका सबै भूभागमाथिको अधिकार परित्याग गर्नुपर्ने भनी उल्लेख गरे पनि महाकाली पश्चिम कहाँसम्मका भूभाग भन्ने विषयमा केही पनि स्पष्टता गरिएको छैन। आजको भारतको उत्तराखण्ड राज्य सुगौली सन्धिअघि नेपालकै भूभाग थियो। अक्टरलोनी र अमरसिंह थापाबीचको समझदारी पत्रमा महाकाली नदीदेखि सतलज नदीबीचका विभिन्न भूभागको उल्लेख पाइन्छ, जसमा युद्धपूर्व नेपालको सार्वभौम सत्ता स्थापित थियो। यही समझदारी पत्रले नै युद्धपूर्व नेपालको पश्चिम सिमाना सतलजसम्म थियो भन्ने पुष्टि गर्छ। त्यस्तै ब्रिटेनले बनाएका सै मानचित्रमा लडाइँपूर्वको नेपाललाई गोर्खा साम्राज्यको रूपमा चिनाइएको छ। ती नक्साहरू नेपालको इतिहासका साक्षी हुन्, जसले नेपालको सिमाना त्यसबेला टिस्टा सतलज कायम भएको थियो भन्ने प्रमाणित गर्छन्।

करिब ४५ हजारको सैन्यबल र त्रियासी तोपका साथ युद्धभूमिमा उत्रिएको अंग्रेज पक्षको तुलनामा त्यसको आधा पनि सैन्य संख्या नभएको नेपाल अंग्रेजसँग वीरतापूर्वक लडे पनि पर्याप्त सैन्य सामग्री आवश्यक फौजका अभावमा अन्त्यसम्म डटिरहन सकेन। नालापानीको लडाइँमा जित्न नसकेपछि अंग्रेज पक्षले पानीको मुहान थुनिदिए भोकै प्यासै नेपाली वीर विरांगनालाई मार्ने अमानवीय रणनीति लिएकाले बलभद्रले किल्ला नै छाडिदिए। लड्दालड्दै हस्तिदल शाही मारिए। मलाउको किल्लाको रक्षार्थ डटेर बसेका ७० वर्षीय भक्ति थापा पनि देउथलको युद्धमा छातीमा तोपको गोला लागेर दिवंगत भए। अल्मोडाको युद्ध मोर्चामा बम शाह पराजित भएपछि नेपाल पश्चिम क्षेत्रमा रक्षात्मक बन्न पुग्यो र अंग्रेजसँग १८१५ मे १५ मा समझदारी पत्रमा हस्ताक्षर गऱ्यो।

११ डिसेम्बर १८१६ मा इस्ट इन्डियाले नेपाललाई कोसीदेखि राप्तिसम्मको केही भूभाग फिर्ता दियो। सन् १८५७ मा अंग्रेज विरुद्धको सिपाही विद्रोह दबाएर जंगबहादुर राणाले बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता ल्याए। उनले अंग्रेजले युद्धद्वारा कब्जामा लिएको अन्य नेपाली भूभाग फिर्ता भने मागेनन्। ब्रिटिस इस्ट इन्डिया कम्पनीले सन् १९४७ मा भारत छोड्यो। भारत ब्रिटिस उपनिवेशबाट मुक्त भयो। तर त्यसबेलाका शासक पद्म शमशेरले २७ वर्ष नेपालको प्रशासन चलेको दार्जिलिङ समेत लिन मानेनन्। अंग्रेजले हडपेको नेपालको भूभागको त कुरै छोडौं। न त त्यसबेलाका कांग्रेस नेताहरू बीपी, सुवर्ण, मातृका, गणेशमान, कृष्णप्रसादहरूले नै नेपाली भूमिबारे कुरा उठाए। सन् १९५० मा भारतसँग शान्ति तथा मैत्री सन्धि गरेर तत्कालीन शासक मोहन शमशेरले नेपाललाई भारतको अर्धउपनिवेश बनाइदिए। उक्त सन्धिले यसअघिका सबै सन्धि सम्झौता खारेज गरेको छ। त्यसअनुसार नेपालले अंग्रेजले हडपेको जमिन फिर्ता पाउनुपर्ने हो। तर भारतले फिर्ता नगर्ने मात्र होइन, सुस्ता र कालापानी क्षेत्रसमेत हडपिसकेको छ। भारतले गोवा फिर्ता लियो, चीनले हङकङ, कोलुङ, मकाउ, ब्रिटेनले फोक्ल्यान्ड तर नेपालले आफ्नै भूभाग अझै फिर्ता पाएको छैन। यदि नेपाल भारतभन्दा शक्तिशाली हुन्थ्यो भने ग्रेटर नेपाल धेरै पहिले कायम भइसक्थ्यो।

## एमसीसी...

अभाव हुन सक्ने परियोजना कार्यान्वयन कार्यालय एमसीए नेपालका कार्यकारी निर्देशक खड्ग विष्टले बताए।

संसद्बाट पास भएको एक वर्षको अवधिमा आयोजनाले पूर्वतयारीको काम गरिरहेको छ। आयोजना कार्यान्वयनमा जानुअघि राखिएको ६ पूर्व सर्तमा ५ पूरा गरी अन्तिम एकको काम भइरहेको छ। अहिले आयोजना कार्यान्वयनमा जानु अघिको अन्तिम सर्तमा काम भइरहेको छ। यसमा लाइनको डिजाइन, लाइनको रेखांकन, वातावरणीय प्रभाव मूल्यांकन, प्रभावित क्षेत्रको लगत राख्ने काम भइरहेको छ। प्रसारण लाइनका टावर बन्ने १० जिल्लामध्ये ६ जिल्लाको जग्गा अधिग्रहणको काम भइरहेको छ। ६ जिल्लामा नवलपुर, चितवन, पाल्पा, धादिङ, तनहुँ र पर्सा रहेका छन्। नुवाकोट र मकवानपुरको जग्गा अधिग्रहण सुरु गर्ने तयारी भइरहेको बताइएको छ।

आयोजनाले प्रभावित क्षेत्रमा पर्ने रूखको टाँचा लगाउने काम वैशाखबाट सुरु गरेर असारसम्म सक्काउने योजना बनाएको छ। विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीन नयाँ ४ सय केभी क्षमताको इन्डोर ग्यास इन्सुलेटेड सब-स्टेसन (जीआईएस) निर्माण गरिनेछ। नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा रातमाटे सब-स्टेसन, तनहुँ जिल्लामा नयाँ दमौली सब-स्टेसन र नवलपरासी पश्चिम जिल्लाको भुमहीमा नयाँ बुटवल सब-स्टेसन निर्माण गरिनेछ। निर्माणाधीन प्रसारण लाइन काठमाडौं जिल्लाको लप्सीफेदी र मकवानपुर जिल्लाको हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणका विद्यमान सब-स्टेसनमा पनि जोडिनेछ। आयोजना प्रभावित क्षेत्रको मुअब्जा वितरणमा करिब ७ अर्ब लाग्ने प्रारम्भिक अनुमान एमसीएको छ। रातमाटेको सबस्टेसन वरपरको ४ सय रोपनी खरिदका लागि करिब १ अर्ब ४० करोड खर्चिएको छ। जिल्ला प्रशासन अधिकृत नेतृत्वको समितिले जग्गाको मूल्य निर्धारण गरिसकेपछि मुअब्जाको विस्तृत विवरण आउने विष्टको भनाइ छ।

## दामोदर...

श्रेष्ठ निर्वाचित भएका छन् भने प्रथम उपाध्यक्ष र द्वितीय उपाध्यक्षमा निपु सराप र राजकुमार श्रेष्ठ चयन भएका छन्। संघको महासचिवमा राजकुमार प्याकुरेल चयन भएको निर्वाचन समितिले जनाएको छ। सचिवमा राजेन्द्र कुमार तिया, सहसचिव- हरिगोपाल सापकोटा, कोषाध्यक्षमा शेखरमान श्रेष्ठ र सहकोषाध्यक्षमा विनोद लामिछाने चयन भएका छन्। अन्य सदस्यहरूमा रामशरण नेपाल, अमृत बहादुर श्रेष्ठ, होम बहादुर श्रेष्ठ, सुनिल अर्याल, ललितजंग सिंह, सन्तोष घले, नमराज मरङ्गा, कल्पना पौडेल, सुदिप देवकोटा र राजन भट्ट चयन भएका छन्। सबै केन्द्रिय पदाधिकारीसहित कार्यसमिति सदस्य सर्वसम्मत चयन गरिएको हो।

विधानतः संघको केन्द्रीय कार्यसमिति सदस्य २१ रहने छ। जसमध्ये निर्वाचित कार्यसमितिले तीन जना सदस्य मनोनीत गरिनेमा तत्काल दुई जनालाई मनोनीत गरिएको र एक जना मनोनीत गर्न बाँकी नै राखिएको अध्यक्ष नेपालले जानकारी दिए। नवनिर्वाचित कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ।

## फागु...

हर्कबहादुर खड्का, सीता खड्का, लीला कट्टेल, शान्ता प्रसाइँ, दुर्गा अधिकारी, रामप्रसाद प्रधान, शिव शिवाकोटी, राजन राजवंशी, दधिराम धिमाल, श्रीराम गिरी, दिलबहादुर खड्का, नरेश खरेल, रत्नकुमार वान्तवालगायत सुखानीमा हत्या गरिएका पाँच युवाले गरेका थिए।

सामन्त सफाय अभियानको छोटो समयमै थुप्रै झापाली युवा विद्रोहीहरू पक्राउ परे। पाँचजना सुखानीमा मारिए भने चन्द्रबहादुर डाँगी र रामप्रसाद प्रधानलाई स्थानीय सामन्त पञ्चायती दलालहरूले पक्रेर हत्या गरे। मोहनचन्द्र, राधाकृष्ण, सीपी, धर्म घिमिरे, नरेश खरेल, नारद वाग्ले, घनेन्द्र बस्नेत लगायत दर्जनौं युवाहरू जेल परे। झापा आन्दोलनमा उल्लेख्य भूमिका ननिभाए पनि केपी ओली पनि समातिए। सुखानी हत्याकाण्ड र नेताहरूको गिरफ्तारीले झापा आन्दोलनले ठूलो धक्का खायो। पछि कोअर्डिनेसन कमिटी हुँदै २०३५ सालमा नेकपा मालेको उदय भयो। मार्क्सवादी समूहसँग पार्टी एकीकरण भएपछि माले एमाले बन्यो। पूर्वमाओवादी केन्द्रसँग एकता गर्दै एमाले नेकपाका रूपमा पनि उदायो। तर यो एकता दीर्घ रहेन। सर्वोच्च अदालतको आदेशले फेरि एमाले ब्युँतियो। अहिले एमालेको शीर्ष नेतृत्वमा झापा आन्दोलनकै आन्दोलनकारीमध्येका केपी ओली नै छन्।

झापा आन्दोलनलाई धेरैले गलत पनि भनेका छन्। व्यक्तिहत्याको राजनीति गलत भए पनि पञ्चायती व्यवस्थाविरुद्ध झापा विद्रोह सशक्त प्रहार थियो। सुखानीका सहिदहरूले देखेको गणतन्त्रको सपना पूरा भए पनि समाजवादको सपना अधुरै छ।

## होली...

पनि होइन, सबै समाजमा सूर्य उपासना परम्परा छ। यसै मान्यतासँग सोलास थेरापी, सूर्य स्नान पद्धति जोडिएर विकसित भए। सोलार थेरापी, सूर्य स्नानबाट विभिन्न बाह्य रोग, चर्मरोगहरूको उपचार हुने कुरा विज्ञानसम्मत हो। फागु मुख्य रूपमा कलर थेरापीसँग जोडिएको छ। मानव समाजले रंगको प्रयोग इन्द्रेणीबाट सिकेको र प्रयोगमा ल्याएको अनुभूति हुन्छ। रंगबाट कुष्टादि विभिन्न चर्मरोगको उपचार हुने कुरा आयुर्वेदले बताएको छ। त्यसैले पनि विभिन्न महत्व बोकेको रंगको वर्षमा एउटा अवसरमा उत्सवको रूपमा मान्न थालिएको स्पष्ट छ। रंगले स्वभावैले मानिसमा आनन्द, उल्लास ल्याइदिन्छ। यो सकुनको प्रतीक पनि हो। विभिन्न रंगका विभिन्न अर्थ र प्रयोजन पनि हुन्छन्।

बौद्धधर्मको बज्रयानी मतमा पञ्चध्यानी बुद्धको परम्परा छ। यिनलाई कस्मिक पावर मानिन्छ। पञ्चध्यानी बुद्ध- अक्षोभ्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि र वैरोचनसँग पञ्चस्कन्द, पञ्चमहाभूत, पञ्चदिशा, पञ्चमुद्रा मात्र जोडिएका छैनन्। पाँच प्रकारका रंग पनि जोडिएका छन्। यिनमा क्रमशः निलो, पहेँलो, रातो, हरियो र सेतो हुन्। यसरी ध्यानी बुद्धसँग पनि जोडिनुले रंगको महत्व बुझिन्छ। पर्वलाई विभिन्न वर्ग र समुदायसँग पनि जोडिएको पाइन्छ। फागुलाई व्यावसायिक समूहसँग सम्बन्धित देखाइएको छ। यसको सान्दर्भिकता आआफ्नै ठाउँमा होला। फागुको ठूलो विशेषता भनेको यसमा उचनिच, भेदभाव आदिको भावना हुँदैन। यो सद्भाव, भिन्नता बढाउने पर्व पनि हो। यसले सबैमा उत्साह, उमंग ल्याउने काम गर्दछ।

यो भेटघाट र खानपिनको पर्व पनि हो। तर वर्तमानमा फागुको नाममा विभिन्न विकृतिहरू पनि विकसित हुन थालेका छन्। नेपालमा विभिन्न ठाउँ र समुदायहरूमा विभिन्न किसिमले फागु मनाइन्छ। हिमाल र पहाडको तुलनामा तराईमा फागुको महत्व बढी छ। यसलाई सुदूरपश्चिम तराईमा बसोबास गर्ने रानाथारुहरूले एक महिनासम्म सबैभन्दा ठूलो पर्वको रूपमा मनाउँछन्। भारतमा यसलाई होलीको रूपमा भव्य र सम्मानका साथ मनाउने गर्दछन्। फागु पूर्णिमा तराई मधेसका विभिन्न जिल्लाहरूमा पनि हर्षोल्लासका साथ मनाइन्छ। तराईका जिल्लाहरूको विभिन्न चोकमा साङ्गतिक कार्यक्रम गर्दै तथा एकआपसमा मित्रता, आत्मीयता बढाउन अबिर तथा रङ लगाई होली पर्व मनाइन्छ।

दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्तिबाट विजलित पार्न नसकेपछि आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्य ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी बिहिनी होलिकालाई दन्किरहेको आगोमा छोरा प्रह्लादसहित पस्न लगाउँदा होलीका भष्म भएको तर भक्त प्रह्लाद भने आगोबाट सकुशल निस्केको प्रसङ्ग पुराणमा उल्लेख छ। यसैको सम्झनास्वरूप शक्तिको दुरूपयोग गर्ने पाप प्रवृत्तिकी प्रतीक होलिका मारिएको उपलक्ष्यमा विजयोत्सवका रूपमा होली अर्थात् फागु पूर्णिमा मनाउने गरिन्छ।

## प्रदेश...

समर्थन गर्दा ८२ मत खस्यो । प्रदेश सभामा एमालेका ४०, कांग्रेसका २९, माओवादीका १३ र राप्रपाका ६ सांसद छन् । विपक्षमा एकीकृत समाजवादीको चार मत मात्रै रह्यो ।

लिम्बूको समेत साथ लिँदै विपक्षी एकीकृत समाजवादीले प्रदेश सभामा 'किराँत-लिम्बुवान सगरमाथा' माग गर्दै प्रस्ताव दर्ता गराएको थियो । कोशी नाममा समर्थन जनाएका कांग्रेसका भोजपुरबाट निर्वाचित सांसद शमशेर राईले पनि पहिचानसहितको नामकै पक्षमा आवाज उठाएका थिए । त्यसअघि सत्तारूढ एमालेले प्रदेशको नाम कोशी हुनुपर्ने भन्दै सुरुमै प्रस्ताव दर्ता गराएको थियो ।

प्रदेश सभाको दोस्रो कार्यकालका लागि निर्वाचित सांसद र दलका नेताले नामकरणलाई पहिलो एजेन्डा बनाएका थिए । जसअनुसार प्रदेशको नामकरणका लागि दलका नेताहरूले गोप्य छलफल गर्दै आएका थिए । मुख्यमन्त्रीसमेत रहेका एमाले नेता हिक्मत कार्कीलाई पहिचानको पक्षधरता लिँदै आएको माओवादी र सप्तकोसी नाम राख्न माग गर्दै आएको प्रतिपक्षी कांग्रेसले अन्तिममा आएर साथ दिए । तर, पहिचानको पक्षधरता लिएका एकीकृत समाजवादी र जनता समाजवादीले प्रदेशको नाम किराँत-लिम्बुवान सगरमाथा हुनुपर्ने प्रस्ताव दर्ता गराए । सत्तारूढ एमालेले सुरुमा कांग्रेसका एक सांसदसहितलाई समर्थक बनाएर प्रदेशको नाम कोसी हुनुपर्ने प्रस्ताव दर्ता गराएको थियो । माओवादीले कोसी प्रस्तावमा मतदान गर्ने, तर अन्य कुनै प्रक्रियामा सहभागी नहुने निर्णय गऱ्यो । त्यसपछि कांग्रेसले आफ्ना समर्थकलाई नाम फिर्ता लिन लगायो । एमाले एक्लैले कोसी नाममा प्रस्ताव टेबल गरायो । अन्ततः कोसी प्रस्तावमा राप्रपासहित कांग्रेस र माओवादीले पनि मतदान गरे ।

प्रदेश १ मा पहिलो कार्यकालमा कोशी, कोशी-किराँत, किराँत-लिम्बुवान, लिम्बुवान-किराँत, किराँत-कोचिला-लिम्बुवान, सगरमाथा र सप्तकोशी नाम चर्चामा थिए । माओवादी, एकीकृत समाजवादी, जनता समाजवादी, संघीय लिम्बुवान मञ्चले पहिचानका आधारमा नामकरण हुनुपर्ने माग गर्दै आएका थिए । एमाले र कांग्रेस भूगोलका आधारमा नामकरण हुनुपर्ने अडानमा थिए । पछिल्लोपटक कांग्रेसले पहिचान र भूगोल दुवै समेट्नुपर्ने भन्दै मध्यमार्गी नामका रूपमा सप्तकोशी अघि सारेको थियो । नामकरणबारे पहिचान पक्षधर र भूगोल पक्षधरको चर्को दबाब नपरोस् र आन्दोलन पनि नहोस् भनेर सरकार र दलहरूको सहमतिका आधारमा बुधबार दिउँसो विराटनगरका केही क्षेत्रमा निषेधाज्ञा जारी भएको थियो ।

नामकरण भएको खुसियालीमा कोसी प्रदेश सरकारले बिहीबार सार्वजनिक बिदा दिएको छ । प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव उमेश बस्नेतले विज्ञप्ति जारी गर्दै बिहीबार प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय भएको जानकारी गराएका छन् ।

## टस...

सात राष्ट्र सम्मिलित आइसिसी विश्वकप लिग- २ मा दुवैले अहिलेसम्म २९-२९ खेल खेलेका छन्। युएई २९ र नेपालको २८ अंकसहित पाँचौं र छैटौं स्थानमा छन्। नेपाल सन् २०१९ देखि सुरु भएको विश्वकप लिग- २ को शीर्ष तीनमा रहेर आगामी भारतमा हुने विश्वकप क्रिकेट प्रतियोगिताको छनोट खेल खेल्ने लक्ष्यमा छ। यो अंक तालिकाको शीर्ष पाँचभित्र अटाउने टोलीको एक दिवसीय मान्यता जोगिने भएकाले कम्तीमा नेपालको त्यो लक्ष्य पनि छ।

पछिल्लो समय उत्कृष्ट लयमा रहेको नेपाली टोलीले सोही प्रदर्शनलाई निरन्तरता दिने प्रयासमा छ। नेपालले जारी शृंखलामा पहिलो म्याचमा पपुवा न्युगिनीलाई पराजित गरिसकेको छ। नेपाल र युएई एकदिवसीयमा यसअघि नौपटक आमनेसामने भएका छन्। युएईले पाँच र नेपालले चार खेल जितेका छन्। यसअघि लिग- २ मा यी दुईबीच दुई खेल भएका छन्। दुवै खेलमा नेपाल पराजित भएको छ।

नेपालका लागि करण केसीले विकेट लिए। केसीले मोहम्मद वासिमको विकेट लिएका हुन्। पहिलो ओभरमा करणले मेडन ओभर फाल्दै १ विकेट लिएका हुन्। नेपाली कप्तान रोहित पौडेलले टस जितेर घरेलु टोलीविरुद्ध फिल्डिङ गर्ने निर्णय गरेका हुन्। रोहितले लगातार छैठौं पटक टस जितेका हुन्। नेपाली टोलीमा राष्ट्रिय टोलीका पूर्वकप्तान सन्दीप लामिछाने पनि खेल्दैछन्। मौसम ढकाल (श्याम) घाइते भएपछि सन्दीप उनको स्थानमा खेल्न लागेका हुन्। तीव्र गतिका बलर प्रतिश जि.सीको स्थानमा लेग स्पिनर सन्दीप लामिछानेलाई मौका दिएको छ। नेपालको टोलीमा अन्य कुनै परिवर्तन छैन। नेपालको तर्फबाट खेल्ने खेलाडीहरूमा कुशल भुर्तेल, आसिफ शेख (विकेटकिपर), ज्ञानेन्द्र मल्ल, रोहित पौडेल, कुशल मल्ल, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, करण केसी, गुलशन झा र सन्दीप लामिछाने छन्।

## निषेधित...

नं. १ र ५ तथा लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको वडा नं. १ र ५ अहिले पनि निषेधित क्षेत्रमा पर्छन्। ती क्षेत्रमा ट्रेकिङमा जान विदेशीले छुट्टै स्वीकृति लिनुपर्छ र नेपाली गाइडका साथमा मात्र जान पाउँछन्।

मूलतः तिब्बती शरणार्थीका लागि सञ्चालन गर्न लागिएको परियोजनामा लगानी गर्न भारत अग्रसर भएको हो। फल्याक क्षेत्रमा बौद्ध कलेज स्थापना गर्न भारतले ७० करोड ३३ लाख नेपाली रूपैयाँ अनुदान दिने भएको छ। काठमाडौंस्थित भारतीय दूतावासले कलेज निर्माणका लागि बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाबाट प्रस्ताव आएको र भारतको अनुदानमा निर्माण गर्ने अनुमतिका लागि नेपालसँग आग्रह गरिएको जनाएको छ।

दूतावासका अनुसार 'मुस्ताङ साक्या बौद्ध संघ' ले कलेज खोल्ने गरी बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाले प्रस्ताव पठाएको हो। अर्थ मन्त्रालयलाई पत्राचार गरिसकिएको र सहमति प्राप्त भएपछि परियोजनाको समझदारीपत्रमा हस्ताक्षर गर्न सकिने दूतावासको भनाइ छ। 'यो संस्था (कलेज) ले मुस्ताङ र यसको वरपर रहेका जिल्लाका भिक्षुहरूलाई मात्र होइन, विदेशी विद्यार्थीलाई आध्यात्मिक, शिक्षा, संस्कृति र पूर्वाधार विकासमा आकर्षित गर्न सक्छ,' दूतावासको विकास साझेदारी एवं पुनर्निर्माण प्रभागद्वारा माघ ११ मा अर्थ मन्त्रालयलाई पठाइएको पत्रमा उल्लेख छ।

सरकारका एक उच्च अधिकारी भने माथिल्लो मुस्ताङजस्तो निषेधित र संवेदनशील क्षेत्रमा विदेशी सहयोगमा परियोजना सञ्चालन गर्ने र विदेशी विद्यार्थीसमेत जम्मा गर्ने विषयले नेपालको भूराजनीतिमा जटिलता बढाउने बताउँछन्।

## आर्थिक...

पहिचान गरेकोमध्ये १४.३ प्रतिशत (९ बुँदा) मात्र पूर्ण रूपमा कार्यान्वयनमा आएको सीएनआईको सहकार्यमा नेपाल आर्थिक पत्रकार समाजले गरेको अध्ययनमा उल्लेख छ। बजेटलगत्तै वा आर्थिक वर्षको पहिलो दिनबाटै स्वतः लागू हुने र अधिकांश कर नीतिसँग सम्बन्धित व्यवस्थाहरू मात्रै कार्यान्वयनमा आएको हो। आंशिकरूपमा २८.६ प्रतिशत (१८ बुँदा) कार्यान्वयनमा आएको छ।

गैरआवासीय नेपालीको लगानी भित्र्याउन वैदेशिक लगानीसम्बन्धी कानुन तथा प्रक्रियामा सुधार गर्ने, नेपाली निर्माण व्यवसायीलाई विदेशमा निर्माण व्यवसाय गर्न अनुमति प्रदान गर्ने, हरित ऋणपत्र निष्कासन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउनेलगायत बुँदा हालसम्म कार्यान्वयन हुन सकेको छैन। 'बजेट कार्यान्वयनमा हालसम्म देखिएको सुस्त प्रगतिले हाम्रा आर्थिक समृद्धिका लक्ष्यहरू टाढा धकेल्न मात्र बल पुऱ्याउनेछ,' विज्ञप्तिमा उल्लेख छ।

वैदिशक लगानीका सम्बन्धमा न्यूनतम सीमा २ करोड कायम, १० करोडसम्मको लगानी स्वचालित प्रणालीबाट स्वीकृति, वैदेशिक रोजगारीमा गएका नेपालीलाई धितोपत्रको प्राथमिक निष्कासनमा दस प्रतिशत सेयर आरक्षण, ठूला वैदेशिक लगानीलाई विद्युतीय माध्यमबाटै सात दिनभित्र प्रारम्भिक स्वीकृतिलगायत व्यवस्था कार्यान्वयन भएका छन्।

'बजेट प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा यसले सरकारको राजस्व लक्ष्यमा धक्का पुगेको त छ नै, प्रणालीमा तरलता असहज हुँदै मागमा ठूलो संकुचन आउँदा यसले नयाँ लगानीका लागि निजी क्षेत्रको मनोबलसमेत खस्किएको छ,' विज्ञप्तिमा भनिएको छ, 'यसको चक्रिय असर रोजगारी सिर्जनालगायत अन्य क्षेत्रहरूमा पनि परेको छ।'

'सीएनआई बजेट वाच' अन्तर्गत १, नवउद्यम, नवप्रवर्तन र सूचना प्रविधि २, पर्यटन ३, उद्योग : औद्योगिक विकास, औद्योगिक क्षेत्र व्यवस्थापन ४, साना तथा मझौला उद्योग ५, लगानी : सार्वजनिक निजी साझेदारी तथा प्रत्यक्ष वैदेशिक लगानी ६, ऊर्जा, पूर्वाधार ७ र कृषि, स्वदेशी उत्पादन तथा निर्यात प्रवर्द्धन गरी ८ मुख्य क्षेत्रगत वर्गीकरण गरेर त्यसअन्तर्गतका महत्त्वपूर्ण ६३ बुँदा (नीति तथा कार्यक्रम) लाई सूचीबद्ध गरिएको छ। तिनलाई परिसंघले चालु आवको बजेटलगत्तै आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन योजना पुस्तिकाका रूपमा समेत प्रकाशित गरेको थियो।

बजेटले अघि सारेका आर्थिक क्षेत्रसम्बन्धी कार्यक्रमका ६३ वटा बुँदामध्ये ३६ वटाको प्रगति शून्य देखिएको छ। नेपाल उद्योग परिसंघ (सीएनआई) सँगको सहकार्यमा नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले गरेको अध्ययनले आर्थिक क्षेत्रहरूसँग प्रत्यक्ष सरोकार राख्ने अधिकांश बजेटका नीति तथा कार्यक्रममा प्रगति नभएको देखिएको हो।

बजेटको प्रभावकारी कार्यान्वयनमा रचनात्मक भूमिका निर्वाह गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन सघाउने उद्देश्यले परिसंघले सेजनसँगको सहआयोजना र पायोनियर ल एसोसिएट्ससँगको बौद्धिक साझेदारीमा 'सीएनआई बजेट वाच' कार्यक्रम सुरू गरेको थियो। त्यसअन्तर्गत परिसंघले आर्थिक विकास, लगानी तथा निजी क्षेत्रसँग सम्बन्धित ६३ बुँदा पहिचान गरेको थियो। सेजनले ती बुँदाको कार्यान्वयन अवस्थाका सम्बन्धमा हालै अध्ययन गरी तयार पारेको विवरणले चालु वर्षको माघ मसान्तसम्ममा ३६ वटा बुँदाको प्रगति शून्य देखिएको हो।

अध्ययनअनुसार गैरआवासीय नेपालीको लगानी भित्र्याउने वैदेशिक लगानीसम्बन्धी कानुन तथा प्रक्रियामा सुधार गर्ने, नेपाली निर्माण व्यवसायीलाई विदेशमा निर्माण व्यवसाय गर्न अनुमति प्रदान गर्ने, हरित ऋणपत्र निष्कासन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउने, मिर्चैया-लुक्ला-सगरमाथा द्रुतमार्ग निजी क्षेत्रको लगानीमा निर्माणको प्रबन्ध मिलाउने लगायतका बुँदा हालसम्म कार्यान्वयनमा गएका छैनन्। बजेट कार्यान्वयनमा हालसम्म देखिएको सुस्त प्रगतिले आर्थिक समृद्धिका लक्ष्यहरू टाढा धकेल्ने भन्दै परिसंघले गति दिन सम्बद्ध मन्त्रालयहरूलाई आग्रह समेत गरेको छ।

# भारतीय चाकडीबाजका अपत्यारिला पात्र

काठमाडौं। नेपालको आन्तरिक राजनीतिमा भारतको अकूटनीतिक चलखेलले पुस १० गते बनेको एमाले, माओवादीसहितको सातदलीय गठबन्धन भत्कियो। भारतीय विदेश सचिव विनयमोहन क्वात्राले १३ भाइ नेताहरूसँग भेटघाट गरेपछि कांग्रेस–माओवादीसहितको ८ दलीय नयाँ सत्ता गठबन्धन निर्माण भयो। सत्तारुढ एमाले प्रतिपक्षको हैसियतमा पुग्यो। क्वात्रा प्रधानमन्त्री प्रचण्डसँगको 'वान टु वान' वार्ताले रामचन्द्र पौडेललाई राष्ट्रपतिमा अघि साऱ्यो। राष्ट्रपतिका थुप्रै आकांक्षी जिल्लराम भए। क्वात्रा आउनुअघि नै भारतीय पक्षले आफ्ना पत्यारिला मान्छेहरूबाट पुरानो गठबन्धनको नाडी छाम्न लगाइसकेको थियो। नेपाली राजनीति र प्रशासनलाई काठमाडौंमै बसेर नजिकबाट नियालिरहेका भारतपरस्त उमाकान्त गिरीको दौडधुप हेर्न लायककै थियो।

भारतीय विदेश सचिव क्वात्रा काठमाडौं आउँदा विमानस्थलमा देखापरेका गिरी त्यही साँझ लैनचौर पार्टीमा सामेल भए। भारतीय दूताबासका तर्फबाट महिना महिनामा सुटुक्क दिल्ली उड्ने उनी भारतीय जनता पार्टीका उच्च नेताहरूमाझ नेपाली राजनीतिको विश्लेषण सुनाउने गर्छन्। नेपाली सेना दिवसको अवसरमा सहभागी हुन नेपाल आएका भारतीय पूर्वप्रधानसेनापतिहरूमध्ये दीपक कपुर गिरी निवास गएर एक घन्टा बसेको छिमेकीहरू बताउँछन्। कपुरसँगको भेटपछि उनले एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग गोप्य मन्त्रणा गरेका थिए। त्यसपछि उनले प्रधानसेनापति प्रभुराम शर्मा र कामु न्यायाधीशसँग अलग अलग भेट गरे।

भारतीय दुताबासका अनिल गिरीसँग विशेष सम्बन्ध रहेका गिरीले रास्वपाका सभापति रवि लामिछानेलाई सोल्टी होटलमा अनिलसँग भेट गराएपछि रविको उल्टो दिन सुरु भएको स्रोतको भनाइ छ। जुन अप्रत्यक्ष रूपमा रविले पत्रकार सम्मेलनमा बताएका थिए। राजदरबारको संवाद सचिवलयमा बसेर काम गरेका गिरी झापामा पत्रकार भन्दै हिँड्थे। यिनलाई त्यसबेला माओवादीले अपहरण समेत गरेको थियो। भारतकै दबाबमा उनी मुक्त भएका थिए।

देशमा द्वन्द्व बढेपछि भारत पुगेका उनको खाना र छाना भारतले नै व्यहोरेको थियो। पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई दिदी बनाएका गिरीकहाँ सर्वोच्चका न्यायाधीश समेत धाउने गर्छन्। पूर्व प्रधानन्यायाधीशलाई राष्ट्रपति बनाउने समाचार कान्तिपुरमा यिनैले प्रकाशित गर्न लगाएको बताइन्छ। रिस उठेकालाई सिध्याउन यिनले कान्तिपुरको भरपुर प्रयोग गर्दै आएका छन्। कान्तिपुर मिडियाका केही पत्रकारहरूसँग आन्तरिक सम्बन्ध बनाएका यिनैले उमेश चौहानलाई नयाँ पत्रिकाबाट कान्तिपुर पुऱ्याएको जानकारहरू बताउँछन्। रविले १२ भाइको पोल खोलेका थिए, यिनको पोल कहिले कसले खोल्ने हो, प्रतिक्षाकै विषय छ।